राष्ट्रिय 'क' वर्गको पत्रिका
नेपाल सम्वत् ११४६
फागुन शुक्ल पञ्चमी

www.missiontodaynews.com

# मिसन टुडे

'सूचनामा तपाईंसँगको साझेदारी'
राष्ट्रिय दैनिक
काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित

वर्ष : १६ | अंक २३३ | पृष्ठ ८ | आइतबार १० फागुन २०८२ | (SUNDAY 22 FEBRUARY 2026) | मूल्य रु. १०





प्रतिनिधिसभा निर्वाचन: २०८२

# राजनीतिक दलहरूको प्राथमिकतामा आर्थिक एजेन्डा

यतिखेर नेपालका लागि जसरी आर्थिक समृद्धि प्राप्ति गर्नु छ, त्योभन्दा बढी न्यायपूर्ण तरिकाले शासन व्यवस्था चलाउन उतिकै आवश्यक छ । त्यसैले यसका लागि जनप्रतिनिधि इमान्दार हुनु पहिलो सर्त हुन आउँछ ।

"नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पनि अझै दलहरु र तिनका कार्यकर्ताको समस्या भनेको सिद्धान्तअनुसार व्यवहार बदलिन नसकेको हो । जुन उद्देश्यले मुलुकमा गणतन्त्र ल्याइएको थियो । सोहीअनुसार जनप्रतिनिधि हुनेले तथा सत्तामा पुग्ने हरुले व्यवहार गर्ने हो भने मतदातालाई अनेक आश्वासन दिनै पर्दैन ।"

**पुरञ्जन आचार्य**
राजनीतिक विश्लेषक




"विधिको शासन वा न्याय तथा समग्र प्रणाली सुधार लाई प्राथमिकता दिने हो भने त्यसको पहिलो भागिदार घोषणापत्र बनाउने वा सत्तामा पुग्नेहरु नै हुनुपर्‍यो । त्यसको साटो बरु ५ वर्षमा यति, उति रोजगारी सिर्जना गर्छौं । प्रतिव्यक्ति आयलाई दोब्बर, तेब्बर पार्छौं । उत्पादन बढाउँछौं भनेपछि सुन्ने आमजनता पनि मख्ख र घोषणापत्र बनाउनेहरु पनि दंग हुने अवस्था छ ।"

**गोविन्द थापा**
राजनीतिशास्त्री

**मिसन संवाददाता**
*काठमाडौं, ९ फागुन*

२०६२-०६३ को जनआन्दोलनसम्म नेपालका सबैजसो राजनीतिक दलहरूको प्रमुख एजेन्डा शासन व्यवस्था र शासकीयस्वरूपमा परिवर्तन गर्ने भन्ने हुने गर्थ्यो । तर जब २०७२ को संविधानपछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गर्‍यो, त्यसपछि अधिकांश राजनीतिक दलहरूका प्राथमिकता फेरिएका छन् ।

धेरैले अर्थतन्त्र सुधारका नारा लगाइरहेका छन् । चाहे संघको होस् वा प्रदेश र स्थानीय तहको नै निर्वाचन किन नहोस् यस्तो बेला राजनीतिक दलहरूका आर्थिक केन्द्रित मुद्दाका नारा झनै बढेर आउने गर्छन् । जुन यसपटक हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनमा पनि प्रष्ट देखिएको छ । घोषणापत्र, प्रतिज्ञापत्र, वाचापत्र, संकल्पपत्रजस्ता नामबाट सार्वजनिक गरिएका घोषणामा सबै राजनीतिक दलहरूले मतदाता रिझाउनका लागि आर्थिक समृद्धिका कुराको बढी चर्चा गरेका छन् ।

**अहिलेको चुनौती आर्थिक समस्या हो वा दलहरूको कार्यशैली ?**

राजनीतिक विश्लेषक पुरञ्जन आचार्यका शब्दमा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे पनि अझै दलहरू र तिनका कार्यकर्ताको समस्या भनेको सिद्धान्तअनुसार व्यवहार बदलिन नसकेको हो । उनी भन्छन्, 'जुन उद्देश्यले मुलुकमा गणतन्त्र ल्याइएको थियो । सोहीअनुसार जनप्रतिनिधि हुनेले तथा सत्तामा पुग्नेहरूले व्यवहार गर्ने हो भने मतदातालाई अनेक आश्वासन दिनै पर्दैन ।'

राजनीतिमा लाग्नु भनेको जनताको सेवा गर्ने र वृहत्तर समाजको हितमा काम गर्ने हो । तर नेपालमा राजनीतिमा लाग्नु भनेको जनताको करमा मोजमस्ती गर्नु, राज्यकोषबाट अनेक सुविधा लिनु र आफ्ना पुस्ताका लागि सम्पत्ति जोहो गरेर राख्ने काम कैयनले गरेका छन् ।

यसरी राज्यको ढुकुटी दुरूपयोग भएपछि आर्थिक स्रोतको अभाव हुने र अन्ततः त्यसले आर्थिक समृद्धिमा असर पर्ने नै भयो । दलहरूका घोषणापत्रलाई सुक्ष्म रूपमा केलाइरहेका राजनीतिशास्त्रीहरू निर्वाचको बेला अधिकांश दलले आर्थिक एजेन्डामा केन्द्रित भएको देखाउनु फेरि पनि उनीहरू देश बनाउनेभन्दा पनि कसरी आफू सत्तामा पुग्ने भन्ने ध्याउन्नमा रहेका छन् भनेर प्रमाणित हुने तर्क गर्छन् । राजनीतिशास्त्री गोविन्द थापा भन्छन्, 'विधिको शासन वा न्याय तथा समग्र

*बाँकी दोस्रो पृष्ठमा...*

# निष्पक्ष र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउन प्रधानमन्त्रीको निर्देशन

**मिसन संवाददाता**
*लुम्बिनी, ९ फागुन*

प्रधानमन्त्री सुशीला कार्कीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्नेगरी तयारीका साथ काम गर्न निर्देशन दिएकी छिन् । निर्वाचन तयारी सन्दर्भमा शनिबार लुम्बिनी प्रदेशको अवस्थाका बारेमा जानकारी लिन आयोजित प्रदेशस्तरीय सुरक्षा बैठकमा निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्नु सबैको जिम्मेवारी भएकाले यसमा सबै जिम्मेवार बन्न निर्देशन दिएको बैठकपछि लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले जानकारी दिए ।



प्रधानमन्त्री कार्कीसहित शनिबार मध्यपश्चिम पृतना हेडक्वाटर बुटवलमा आयोजित प्रदेशस्तरीय एकीकृत सुरक्षा बैठकमा समग्र प्रदेशको निर्वाचनको तयारी र सुरक्षा अवस्थाबारे जानकारी लिएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले बताए । जिल्लास्थित सुरक्षा समितिले जिल्लाको चुनौतीका अवस्था पहिचान गरेर त्यसैअनुरूपको सुरक्षा रणनीति बनाएर अघि बढ्न प्रधानमन्त्रीबाट निर्देशन भएको उनले जानकारी दिए ।

जिल्लागत रूपमा मतदानस्थललाई चुनौती पहिचान गरी तिनलाई वर्गीकरण गरेर नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलसहितको एकीकृत सुरक्षा योजनाअनुरूप अघि बढ्न निर्देशन दिएको प्रमुख सचिव काप्रीले बताए । प्रदेशका १२ वटै जिल्लामा तयारी, प्रदेशमा गठन भएको निर्वाचन कमाण्ड सेलसँग संवाद गरेर निर्वाचन निष्पक्ष र शान्ति पूर्णरूपमा सम्पन्न गर्न १२ वटै जिल्लामा जिल्ला सुरक्षा समितिले योजना बनाएका विषयमा प्रधानमन्त्रीसमक्ष जानकारी गराइएको उनले जानकारी दिए ।

बैठकमा नेपाली सेनाका पृतनापति हिम्मतबहादुर विष्ट, नेपाल प्रहरीका प्रदेश प्रमुख, प्रहरी नायव महानिरीक्षक भूपेन्द्रबहादुर खत्री, सशस्त्र प्रहरी बलका अतिरिक्त प्रहरी महानिरीक्षकलगायत बैठकमा सहभागी विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीले जानकारी गराएका थिए । यस्तै प्रदेश सरकारका प्रमुख सचिव काप्रीले समग्र प्रदेशको तयारीका अवस्थामा जानकारी गराइएको बताए ।

जिल्लागत रूपमा अतिसंवेदनशील, संवेदनशील र सामान्य निर्वाचन मतदान केन्द्र पहिचान गरेर आवश्यक तयारी गरिएको जानकारी गराइएको थियो । जिल्लास्थित सरकारी निकायले त्यस्ता चुनौती पहिचान गरेर समाधानका लागि आवश्यक संवाद र छलफल गरेर काम गर्ने विषयमा जानकारी गराइएको थियो ।

प्रधानमन्त्रीको निर्देशनबाट निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न थप हौसला मिलेको र प्रतिबद्धताका साथ निर्वाचन शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न लाग्ने प्रमुख सचिव काप्रीले बताए । एकीकृत सुरक्षा योजनाअन्तर्गत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल,

*बाँकी दोस्रो पृष्ठमा...*



# सुदूरपश्चिम, कर्णाली र कोशीमा मतपत्रसहित निर्वाचन सामग्री ढुवानी

मिसन संवाददाता
*काठमाडौँ, ९ फागुन*

निर्वाचन आयोगले देशभरका सबै निर्वाचन क्षेत्रमा मतपत्रसहित अन्य निर्वाचन सामग्री ढुवानी गर्ने कामलाई तीव्र पारेको छ। हालसम्म सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा आयोगले मतपत्र ढुवानी गरिसकेको छ।

अन्य प्रदेशमा पनि नियमित रूपमा मतपत्र तथा निर्वाचन सामग्री ढुवानीको काम गरिरहेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ यसअघि नै सम्पन्न भइसकेको छ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ तथा प्याकिङ गरेर निर्वाचन क्षेत्रमा पठाइएको छ। आयोगले गत माघ २९ गतेदेखि कर्णाली प्रदेशबाट मतपत्र ढुवानी सुरु गरेको थियो। त्यसपछि आयोगले सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा नियमित रूपमा मतपत्र ढुवानी गरेको थियो।

यस्तै, वागमतीसहित र अन्य प्रदेशमा पनि नियमित रूपमा मतपत्र तथा निर्वाचन सामग्री नियमित रूपमा ढुवानी गरिरहेको छ। आयोगले अन्य प्रदेशमा ढुवानीकार्य जारी रहेको जानकारी दिँदै राजधानी काठमाडौँभित्रका मतदान केन्द्रमा पनि केही दिनमा पुऱ्याइने जनाएको छ।

आयोगले मतपत्र बाहेकका अन्य निर्वाचन सामग्री ढुवानी सम्पन्न भइसकेको उल्लेख गरेको छ। मतपत्र छपाइतर्फ आयोगले तोकेको क्यालेण्डरअनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा गत पुस २२ गतेबाट मतदाता शिक्षा प्रयोजनका लागि छपाइ सुरु भएको थियो। आयोगले १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरेको थियो।

यस्तै, गत पुस २६ गतेबाट समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी गत माघ १३ गतेसम्म सम्पन्न गरेको छ। समानुपातिकतर्फ दुई करोड आठ लाख ३० हजार समानुपातिक मतपत्र छपाइ गरेको थियो।




## हिमाली जिल्लामा छिट्टै मतपत्र पठाइँदै

मिसन संवाददाता
*वीरेन्द्रनगर, ९ फागुन*

कर्णाली प्रदेशका हिमाली जिल्लामा छिट्टै मतपत्र पठाउने तयारी गरिएको छ। प्रदेश निर्वाचन सुरक्षा समितिको बैठकले हिमाली जिल्ला हुम्ला, मुगु र डोल्पामा छिट्टै मतपत्र पठाउने निर्णय गरेको हो।

जिल्ला प्रशासन कार्यालय सुर्खेतमा बसेको बैठकमा निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउतले विशिष्ट अवस्थामा हुन लागेको निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले कुनै कसर बाँकी नराख्ने जानकारी दिए। निर्वाचन सामग्रीसहित मतदान केन्द्रमा खटिने यहाँका कर्मचारीको भत्ता, ढुवानी र हेलिकप्टरको खर्च पठाइसकिएको उनले बताए। कर्णालीको आवश्यकताका आधारमा आयोगले थप काम गर्दै जान उनको भनाइ छ।

'फागुन १० गतेदेखि मसान्तसम्मको मौसम अनुमान गरेर पठाउन जल तथा मौसम विज्ञान विभागलाई अनुरोध गरिएको छ,' उनले भने, 'यहाँका उच्च हिमाली जिल्लाको निर्वाचनका लागि हुम्ला, मुगु र डोल्पामा फागुन १२ गतेभित्र मतपत्र पठाउने तयारी भइरहेको छ।'

तीन हजार मिटरभन्दा माथि जिल्लामा लेक लाग्ने अवस्थालाई मध्यनजर गरेर औषधि खरिदका लागि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा बजेट पठाइएको समेत सचिव राउतले जानकारी दिए। कर्णाली प्रदेशका हिमाली जिल्लामा निर्वाचनपूर्व र निर्वाचनपश्चात् मतदान केन्द्रमा खटाइने कर्मचारीको आउनेजाने व्यवस्थाको सुनिश्चित गर्न बैठकमा सुरक्षा प्रमुखहरूले अनुरोध गरेका थिए।

त्यसैगरी निर्वाचनमा खटिएका कर्मचारीलाई आफ्नो मताधिकार प्रयोग गर्ने अवसर आयोगले दिनुपर्नेमा बैठकमा सहभागीले जोड दिए। बैठकमा प्रदेश कमान्ड पोष्टका संयोजक कर्णाली प्रदेश सरकारका निमित्त सचिव लक्ष्मीकुमार विक र जिल्ला कमान्ड पोष्टका अध्यक्ष सुर्खेत जिल्लाका प्रमुख जिल्ला अधिकारी जगदिश्वर उपाध्यायले निर्वाचन तयारीको अवस्था, सुरक्षाका चुनौती र समस्याका बारेमा प्रस्तुति राखेका थिए।

सुर्खेत जिल्ला क्षेत्र नं. २ का मुख्य निर्वाचन अधिकृत दीपक ढकाल र सुरक्षा निकायका प्रमुखहरूले निर्वाचनलाई केन्द्रित गरेर सुरक्षा व्यवस्थालाई मजबुत बनाइएको जानकारी दिए। निर्वाचनमा कर्णाली प्रदेशमा १२ निर्वाचन क्षेत्रका १० लाख ३७ हजार २५० जना मतदाता र ९४१ मतदानस्थल र एक हजार ४३७ मतदान केन्द्र रहेका छन्।

# पुनले सार्वजनिक गरे प्रतिज्ञापत्र




मिसन संवाददाता
*नेपालगन्ज, ९ फागुन*

नेपाली काँग्रेसको तर्फबाट बाँके क्षेत्र नम्बर ३ का उम्मेदवार अमरसिंह पुनले चुनावी प्रतिज्ञापत्र सार्वजनिक गरेका छन्। पुनले कृषि, पर्यटन, उद्योग, युवा र प्रविधि र पूर्वाधारलाई प्राथमिकता दिएर आफ्ना योजनाहरू प्रतिज्ञापत्रमा समावेश गरेका छन्।

उनले बाँके क्षेत्र नम्बर ३ मा रहेका जनक शिक्षा सामग्री केन्द्र, कपास विकास समिति, नौवस्ता औद्योगिक क्षेत्र, सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, कृषि निर्देशनालय तथा अनुसन्धान केन्द्रको स्तरोन्नति तथा लुम्बिनी प्राविधिक विश्वविद्यालयको व्यवस्थापनलाई आफ्नो मुख्य एजेन्डाको रूपमा समेटेका छन्।

पुनले स्वास्थ्य क्षेत्रमा आमनागरिकले सेवा पाउने कुरालाई जोड दिँदै सुशील कोइराला प्रखर क्यान्सर अस्पतालको स्तरोन्नति तथा अत्याधुनिक स्रोत र साधनको वृद्धि गरी सेवालाई प्रभावकारी बनाउन जोड दिने बताएका छन्। उनले लुम्बिनी प्राविधिक विश्वविद्यालयको जग्गामा बसोबास गर्ने बासिन्दालाई उचित बसोबासको व्यवस्थापन गर्दै प्राविधिक विश्वविद्यालयको पठनपाठन खजुराबाटै गराउन विशेष पहल गर्ने उनले आफ्नो प्रतिज्ञापत्रमा उल्लेख गरेका छन्।

यसैगरी नेपाल-भारत सीमावर्ती क्षेत्रका जनताले भोग्दै आइरहेको बैंकले जग्गाको धितो नराख्ने समस्याका बारेमा आफूले नीतिगत रूपमा समाधानको लागि पहल गर्ने पुनले प्रतिज्ञापत्रमा भनेका छन्।

स्थानीय कृषि उत्पादनको बजारीकरण, मल, बीउ, सिँचाइको उपलब्धतामा विशेष पहल गरिने, सिक्टा सिँचाइ, भेरी बबई डाइभर्सन र बबई सिँचाइ नहरलाई व्यस्थित गर्ने उनले बताएका छन्। क्षेत्रमा रहेका खेलकुद मैदान तथा संरचनाहरूको स्तरोन्नति गरेर राष्ट्रियस्तरका प्रतियोगिता आयोजनामा प्रोत्साहन गर्ने उम्मेदवार पुनको प्रतिज्ञा छ। नवप्रतिभा, नवप्रवर्तन, सीप र प्रविधिमार्फत युवालाई आर्थिक समृद्धिसँग जोड्ने वातावरणको निर्माण गर्ने पनि उनले उल्लेख गरेका छन्।

यसैगरी भूमि तथा वस्ती व्यवस्थापन दिगो आवासको आधारको मान्यतालाई आत्मसात् गर्दै भूमिहीन, सुकुम्वासी व्यवस्थापन गर्दै जंगली जनावरबाट स्थानीय जनताले खेपिरहेको सास्ती व्यवस्थापनको दीर्घकालीन योजना बनाउने, जलवायु तथा वातावरण संरक्षण गर्ने, वृक्षारोपण र आधुनिक कृषिमा पहल गर्दै हरियाली प्रवर्द्धनको योजना बनाएर काम गर्ने प्रतिज्ञापत्रमा समावेश गरिएको छ।

यसैगरी नागरिकसँग प्रत्यक्ष रूपमा समन्वय गरेर नागरिकका समस्या समाधानमा जोड दिने, इमान्दारिता, पारदर्शिता, जवाफदेहितालाई आत्मसात् गर्दै नागरिकलाई छिटो-छरितो ढंगले सेवा प्रदानमा पहल गर्ने उनको प्रतिज्ञापत्रमा उल्लेख छ। पुनले आफ्ना योजनाको कार्यान्वयनका लागि कार्यतालिका बनाउने, मासिक रूपमा मूल्यांकन गर्दै अघि बढ्ने दाबी गरेका छन्।

## 'कृषकका समस्यामा संसद्मा सशक्त रूपमा उठाउँछु'

**तौलिहवा।** नेपाली काँग्रेस कपिलवस्तु निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार सुरेन्द्रराज आचार्यले कृषकले भोग्दै आएको मलखाद र सिँचाइ अभाव समाधानलाई प्राथमिकतामा राख्ने बताएका छन्।

कपिलवस्तु जिल्लाअन्तर्गत यशोधरा गाउँपालिका विभिन्न गाउँमा घरदैलो कार्यक्रमका क्रममा उनले आफू कृषक परिवारबाट आएको उल्लेख गर्दै किसानका समस्या नजिकबाट बुझेको बताए। 'संसद्मा पुगेपछि मलखाद र सिँचाइजस्ता आधारभूत आवश्यकतामा सरकारको ध्यानाकर्षण गराउँदै ठोस पहल गर्नेछु,' उनले भने।

घरदैलोका क्रममा मतदाताले मलखाद, सिँचाइ र बाटोघाटो सुधारका विषय उठाउने गरेको जनाउँदै आचार्यले ती समस्या समाधानका लागि निरन्तर प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे। विगतमा संसदीय बजेटमार्फत सिँचाइ तथा विद्युतीकरणका क्षेत्रमा काम गरिएको र त्यसबाट स्थानीय बासिन्दा लाभान्वित भएको उनको दाबी छ।

पाँचवर्षे कार्यकालअघि नै संसद् विघटन भएकाले सिँचाइका लागि विनियोजित बजेट कार्यान्वयन हुन नसकेको उल्लेख गर्दै उनले निर्वाचनपछि रोकिएका योजना पुनः अघि बढाइने बताए। आगामी निर्वाचनमा आफू विजयी हुने विश्वास व्यक्त गर्दै उनले मतदातामा काँग्रेसप्रति उत्साह देखिएको दाबी गरे।

# एसभी निकेतनले मनायो अभिभावक दिवस

मिसन संवाददाता
*नेपालगन्ज, ९ फागुन*

नेपालगन्जस्थित विद्यालय सान्दिपनी विद्या निकेतन (एसभी निकेतन)ले आफ्नो अभिभावक दिवस मनाएको छ। शनिबार एक कार्यक्रमका बीच विद्यालयले आफ्नो १०औँ अभिभावक दिवस मनाएको हो।

कार्यक्रममा विद्यालयका विभिन्न विधाका अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको थियो भने विद्यार्थीहरूका विभिन्न कलाहरूको प्रस्तुति पनि गरिएको थियो। कार्यक्रममा गायक कमल बिसी माल्दाईले पनि आफ्नो प्रस्तुति दिएका थिए।




प्याब्सन नेपालगन्ज नगर अध्यक्ष विकास बज्राचार्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक धनराज कट्टेलले २०७२ सालमा २५ जना विद्यार्थीबाट सुरु भएको विद्यालयमा अहिले करिब दुई सय ५० भन्दा बढी विद्यार्थीहरू रहेको र शिक्षाको गुणस्तर पनि निरन्तर वृद्धि भइरहेको बताए।

उनले अभिभावकहरूको विश्वास जितेकै कारण विद्यालयले निरन्तर प्रगति गरिरहेको बताएका छन्। पाठ्यक्रमका साथै अतिरिक्त क्रियाकलापमा पनि विद्यालय अब्बल रहेको उनको दाबी छ।

## पहिलो पृष्ठको बाँकी

### राजनीतिक...

प्रणाली सुधारलाई प्राथमिकता दिने हो भने त्यसको पहिलो भागिदार घोषणापत्र बनाउने वा सत्तामा पुग्नेहरू नै हुनुपऱ्यो। त्यसको साटो बरु ५ वर्षमा यति, उति रोजगारी सिर्जना गर्छौं। प्रतिव्यक्ति आयलाई दोब्बर, तेब्बर पार्छौं। उत्पादन बढाउँछौं भनेपछि सुन्ने आमजनता पनि मख्ख र घोषणापत्र बनाउनेहरू पनि दंग हुने अवस्था छ।'

अहिले दलहरूले सार्वजनिक गरेको घोषणापत्र ५ वर्षका लागि हो। तर नेपालमा ५ वर्षसम्म सरकार चलेका उदाहरण विरलै छन्। यसो हुँदा दलहरूका लागि बहाना हुने भइहाल्यो। कुनै सरकार ५ वर्ष चल्ने अवस्था आयो भने पनि बीचमै त्यो सरकारलाई ढालेर नयाँ गठबन्धन बनाउने, संसद् विघटन गर्नेसम्मका काम हुने गरेका छन्। अरू ५ वर्षसम्म पनि अहिले घोषणा गरिएका काम हुन सकेनन् भने सबै दललाई पूरै कार्यकालसम्म सरकार चलाउन नपाएको कुरा निर्धक्कसँग भन्न सहज भयो।

आर्थिक एजेन्डाको साटो व्यवहार र प्रणाली सुधारका कुरालाई प्राथमिकता दिइएको भए सुरुदेखि नै सरकार ढाल्नेदेखि गलत हर्कत गर्ने काम नै रोकिने राजनीतिशास्त्री बताउँछन्। त्यसैले अहिलेको निर्वाचनका राजनीतिक दलहरूले आर्थिक एजेन्डाको कुरा गरेकै भरमा मतदान गर्न नहुने राजनीतिशास्त्रीहरूको सुझाव छ। बरु यस्तो अवस्थामा उम्मेदवारले देश र समाजका लागि कस्तो योगदान पुऱ्याएको छ। र, त्यस्ता उम्मेदवारको नैतिकता, इमान्दारिता कुन हदसम्मको छ भनेर यकिन गर्नुपर्ने सुझाव छ।

कतिपय उम्मेदवारले आफ्ना सन्ततिलाई विदेशमा राखेका छन् तर तिनै घरदैलोमा आएर निर्वाचनमा युवाले देश बनाउने हो भनेर भाषण गर्छन् भने मतदाताले त्यस्ता उम्मेदवारका कुरा सुन्न बन्द गर्नुपर्छ। आफैँ भ्रष्टाचारका विभिन्न काण्डमा मुछिएको छ वा अपारदर्शी तरिकाले सम्पत्ति आर्जन गरेका व्यक्ति आएर सुशासनको कुरा गर्छ भने मतदाताले त्यस्ता उम्मेदवारलाई अस्वीकार गर्ने मात्र होइन उसले आर्जन गरेको सम्पत्तिको स्रोत देखाउन चुनौती पनि दिनुपर्छ।

यसपटकको निर्वाचन विगतमा भन्दा फरक परिवेशमा हुँदैछ। खासगरी सुशासनको पक्षमा आवाज उठाउन खोजेका ७० भन्दा बढी युवाले अनाहकमा ज्यान गुमाएको परिस्थितिमा निर्वाचन हुन गइरहेकाले कुनै राजनीतिक दल वा उम्मेदवारले भ्रष्टाचार वा सुशासनको कुरा गरेकै भरमा नभई उनीहरूको व्यवहार र कार्यशैलीको आधारमा मात्र मतदान गरेर जनप्रतिनिधि चयन गर्नुपर्छ।

केवल चिल्ला र आर्थिक समृद्धिका कुरा गरेकै भरमा मतदान गर्ने हो भने मुलुकमा झनै निराशा छाउन सक्छ। राजनीतिक दलहरूले आर्थिक एजेन्डालाई प्राथमिकता दिएका छन् भने पनि त्यो कसरी पूरा हुन्छ भनेर प्रश्न गर्नुपर्छ। उदाहरणका लागि अहिले धेरै राजनीतिक दलहरूले ५ वर्षमा प्रतिव्यक्ति आम्दानी तीन हजार अमेरिकी डलर तथा देशको कूल गार्हस्थ उत्पादनलाई एक सय अर्ब अमेरिकी डलर पुऱ्याउने भनेका छन्।

यस्तो बेला मतदाताले प्रश्न गर्नुपर्छ अहिलेको भन्दा दोब्बर, तेब्बर आर्थिक वृद्धि हुने स्रोत के हुन ? घोषणापत्रमा लेख्दैमा हुने भए अहिले हरेक वर्ष श्रम बजारमा प्रवेश गर्ने ५ लाखभन्दा बढी युवायुवती मासिक ३०-४० हजार रूपैयाँ पाउन खाडी मुलुक वा मलेशिया जाने अवस्था आउने थिएनन्। किनकि वर्षौंदेखि नै नेपालाई सिंगापुर, स्वीट्जरल्याण्ड बनाउने कुरा नेताहरूले नै गर्दै आएका छन्। घोषणापत्रमा लेखेकै भरमा हुने भए रोजोरोटीका लागि युवायुवती सायदै नेताले बनाउने भनेका ती मुलुकमा विदेशिन बाध्य हुने थिए।

निर्वाचनको बेला आर्थिक समृद्धि तथा आर्थिक एजेन्डालाई प्राथमिकता दिनु भनेको केवल देश, समाज बनाउने भन्दा उम्मेदवार, राजनीतिक दल कसरी बढीभन्दा बढी लोकप्रिय हुने भन्ने प्रयास पनि हो भनेर मतदाताले बुझ्न आवश्यक हुन्छ। यतिखेर नेपालका लागि जसरी आर्थिक समृद्धि प्राप्ति गर्नु छ, त्योभन्दा बढी न्यायपूर्ण तरिकाले शासन व्यवस्था चलाउन पनि उत्तिकै आवश्यक छ। त्यसैले यसका लागि जनप्रतिनिधि इमान्दार हुनु पहिलो सर्त हुन आउँछ।

### निष्पक्ष...

राष्ट्रिय अनुसन्धान विभागबाट संकलित सूचना गरेर आवश्यक रणनीति तय गरिने विषयमा बैठकमा छलफल भएको जानकारी दिए।

प्रदेश सरकारले पनि यो निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्ने जिम्मेवारी रहेकाले प्रदेश सरकारका जिल्लास्थित निकायहरू, स्थानीय तहबाट सहयोग लिएर निर्वाचन तयारीको काम भइरहेको उनले बताए।

प्रदेशका १२ जिल्लाका २६ निर्वाचन क्षेत्रमध्ये प्रमुख रूपमा तराईका जिल्लामा खुला सिमाना प्रमुख साझा चुनौतीका रूपमा रहेका विषयमा छलफल भएको थियो। यस प्रदेशमा पश्चिम नवलपरासीदेखि बर्दियासम्ममा ४१४ किलोमिटर खुला सिमाना छ। प्रदेशमा एउटा हिमाली जिल्ला रूकुम पूर्व सञ्चारमा सूचना संकलन, पहुँचजस्ता विषय, जनसाङ्ख्यिक विविधताका हिसाबले धार्मिक, जातीय र भौगोलिकताजस्ता विषयमा समस्या आउनसक्ने सम्भावनालाई पहिचान गरेर तयारी गरिने निचोड निकालिएको थियो।


**बाँसगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाँसगढी, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

**बाँसगढी नगरपालिका, वडा न. २ घट्टेखोलामा पुल निर्माण गर्ने प्रयोजनका लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सूचना**

(**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१० गते**)

लुम्बिनी प्रदेश, बर्दिया जिल्ला, बाँसगढी नगरपालिका, वडा नं. २, घट्टेखोलामा पुल निर्माण गर्नको लागि निम्नअनुसारको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | वडा न. २ को कार्यालय, बाँसगढी नगरपालिका, बनमुढा, बर्दिया |
| प्रस्तावको व्यहोरा | लुम्बिनी प्रदेश, बर्दिया जिल्ला, बाँसगढी नगरपालिका, वडा नं. २, घट्टेखोलामा पुल निर्माण गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./वडा | बर्दिया जिल्ला, बाँसगढी नगरपालिका, वडा नं. २, तथा आसपासको क्षेत्र |

उपरोक्त प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**

२ न. वडा कार्यालय
बाँसगढी नगरपालिका
बनमुढा, बर्दिया
फोनः ९८५८०२८६३५
वा
मुभिङ. माउन्टेन प्रा. लि., काठमाडौँ
फोनः ९८४०९८३४३३
इमेल : movingmountain01@gmail.com

# चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा बाघ गणना सम्पन्न



मिसन संवाददाता
*चितवन, ९ फागुन*

चितवन र पर्सा राष्ट्रिय निकुञ्ज कम्प्लेक्समा बाघ गणना सकिएको छ। गत पुस ३ गतेदेखि सुरु गरिएको बाघ गणना बिहीबार सकिएको थियो। निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार तेस्रो ब्लकको काम सकिएर क्यामेरा संकलनको काम बिहीबार सकिएको छ। उनले भने, 'तीनवटै ब्लकमा १३ टोलीले काम गरेको हो।' उनका अनुसार पहिलो ब्लक त्रिवेणी, अमलटारी, कसरा, हुँदै बरण्डाभार क्षेत्रलाई पहिलो भाग बनाएर गणना गरिएको थियो। पहिलो ब्लकलाई २८६ वटा ग्रिड बनाएर गणना गरिएको थियो।

क्यामेरा उठाएपछि दोस्रो भागमा जडान गरी गणना सुरु गरिएको थियो। दोस्रो भागमा १३ क्याम्प बनाएर गणना गरिएको सूचना अधिकारी थापामगरले बताए। यस भागअन्तर्गत सौराहा, खगेन्द्रमल्ली हुँदै लोथर प्रतापपुर, बोटे सिमारा, स्वमेश्वर, बगइ, अम्बुवा, सिकारी बाससम्मको क्षेत्रमा क्यामेरा जडान गरेर गणना गरिएको थियो। सो ब्लकलाई ३३६ ग्रिडमा विभाजन गरेर बाघ गणना गरिएको हो।

पर्सा राष्ट्रिय निकुञ्जलाई तेस्रो ब्लक वनाएर गणना गरिएको थियो। सो ब्लकमा ३३६ ग्रिड निर्माण गरिएको सूचना अधिकारी थापामगरले जानकारी दिए। उनका अनुसार एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखेर गणना गरिएको हो। एउटा ब्लकमा १७ रात क्यामेरा राखेर काम गरिएको हो। चितवन-पर्सा ब्लकमा ९५८ वटा ग्रिड बनाएर बाघ गणना गरिएको हो। दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिएको हो।

'अहिले क्यामेरा उठाएर ल्याउने क्रम जारी छ,' सूचना अधिकारी थापामगरले भने। हरेक चार वर्षमा बाघ गणना गरिँदै आएको छ। निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंमसेवी, विद्यार्थी र संरक्षणका साझेदार गणनामा सहभागी भएका थिए।

गणकहरूले भूगोलअनुसार आठदेखि बाह्रसम्मको ग्रिडमा राखिएका क्यामेरा दैनिक अनुगमन गर्ने गरेका थिए। बाघको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा सङ्ख्या छुट्याइन्छ। यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वयस्क बाघ रहेका तथ्यांक सार्वजनिक भएको थियो। सो गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ बाघ भेटिएका थिए।

# स्थानीय तहमा मतदाता शिक्षा

प्रकाश सिलवाल
*काठमाडौं, ९ फागुन*

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि मतदाता शिक्षालगायत कार्यक्रममा स्थानीय तहले सहजीकरण र समन्वय बढाएका छन्। निर्वाचन आयोगले यही फागुन ३ देखि १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका छ हजार ७४३ वडामा एक-एकजना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरेको छ।

त्यसरी खटिएका स्वंसेवकले आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराएका छन्। ती स्वयंसेवकको कामको अनुगमनका लागि विगतमा तोकिएको सम्पर्क व्यक्तिले स्थानीय तहमा अनुगमनको जिम्मेवारी पाएका छन्।

आयोगले 'निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८' बमोजिम निर्वाचनका लागि 'मतदाता शिक्षा विशेष कार्यक्रम' स्वीकृत गरी कार्यान्वयनमा ल्याएको हो। राजनीतिक दल र उम्मदेवारको सघन प्रचारप्रसार आरम्भ तथा मतदाता शिक्षाको कार्यान्वयनसँगै स्थानीय तह पनि एक प्रकारले निर्वाचनमय भएको छ।

मोरङको पथरी शनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्बापोले निर्वाचन आयोगको निर्देशानुसार आफूहरूले मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको बताउँदै निर्वाचन आचारसंहिताको पालनामा पनि सहयोग हुने प्रतिबद्धता व्यक्त गरे।

'निर्वाचनका लागि आयोग र सुरक्षा निकायबाट भवन र कम्प्युटर माग भएको थियो। जेनजी आन्दोलनमा जलाइएका कारण सोचे जति सहयोग गर्न सकेनौं।' प्रमुख तुम्बापोले भने, 'विशेष परिस्थितिमा अहिले चुनाव आएको छ।

मुलुकका स्थायित्व र विद्यमान राजनीतिक प्रणालीको रक्षाका लागि हामी सबै लाग्नुपर्छ। हाम्रा भवन र संरचना जलाइएका भए पनि हामी पुनःव्यवस्थित हुँदैछौं र निर्वाचनका लागि आफ्नो ठाउँबाट समन्वय गरिरहेका छौं।'

महोत्तरीको मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले आयोगको निर्देशनबमोजिम मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको जनाउँदै राजनीतिक प्रतिस्पर्धा भए पनि एक अर्कामा मिलेर शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउने सचेतनामूलक कार्यक्रम गरिएको बताए। उनले निर्वाचन मुलुक विशिष्ट आवश्यकता र लोकतन्त्रको आभारस्तम्भ भएकाले तडकभडकरहित मित्रवत प्रतिस्पर्धाबाट मैदानमा लाग्न सबै दल र उम्मेदवारबाट भूमिका निर्वाह होस् भन्नेतर्फ आफूहरूले सहजीकरण गरिरहेको बताए।

नुवाकोटको शिवपुरी गाउँपलिकाका अध्यक्ष गोविन्दप्रसाद थपलियाले निर्वाचन आयोगबाट तोकिएका सम्पर्क व्यक्ति (फोकल पर्सन)बाट मत दबर नहोस् भनेर मतदातासमक्ष मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको र त्यसका पालिकाले आवश्यक समन्वय गरिरहेको बताए। उनले नेपाली सेनालगायत चारै सुरक्षा निकाय र निर्वाचन सुरक्षा प्रहरीसमेतका लागि अस्थायी बसोबासजस्ता काममा पनि गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गरिरहेको जानकारी दिए।

जेनजी आन्दोलनका क्रममा कतिपय स्थानीय तहका संरचना जलाइएका कारण ती तहका भवन र संरचना प्रयोग गराउन असुविधा देखिए पनि निर्वाचनका लागि आवश्यक सहयोग भइरहेको पाइएको छ। निर्वाचन आचारसंहिताको पालनामा पनि स्थानीय तहले सहयोग गरिरहेका छन्। आचारसंहितामा कुनै पनि दल र उम्मेदवारको पक्ष वा विपक्षमा स्थानीय तहको स्रोतसाधन दुरूपयोग गर्न नपाइने र जनप्रतिनिधिले आफ्नो पालिका बाहेकमा मात्रै आयोगको सहमतिमा दल वा उम्मेदवारको प्रचारप्रसारमा लाग्न पाइने व्यवस्था गरेको छ।

निर्वाचन आयोगबाट तोकिएका मतदाता शिक्षा अनुगमनकर्ता र स्वयंसेवकका लागि गत माघमै जिल्लास्तरीय तथा स्थानीय तहस्तरीय तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो। आयोगले आमसञ्चारमाध्यमबाट विभिन्न किसिमका मतदाता शिक्षा सामग्री उत्पादन गरी प्रकाशन एवं प्रसारण गर्न पनि प्रारम्भ गरेको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रभावकारी मतदाता शिक्षाले मतदाताको बदर मतको अनुपात न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले यस कार्यमा सहयोग, समन्वय र सहजीकरणका लागि सबै स्थानीय तह, निर्वाचनमा सहभागी दल, उम्मेदवार तथा सञ्चारमाध्यम र सरोकारवालाई आग्रह गरे।

उनले निर्वाचनका लागि संघीय सरकार, प्रदेश सरकार र निर्वाचन आयोग तथा सुरक्षा निकायका साथै स्थानीय सरकारले स्रोत, साधनले भ्याएसम्म सहजीकरण भइरहेको बताए।


## Sarawal Rural Municipality
### Office Of Rural Municipal Executive
### Sarawal, Nawalparasi (B.S.W)
### Lumbini Province, Nepal

**Invitation for Bids (NCB) E-Bidding Only**

**First Date of publication: B.S 2082-11-10 (A.D 2026-2-22)**

- **Sarawal Rural Municipality, Office of Municipal Executive, Sarawal, Nawalparasi (Ba.Su.Pa.)** invites **electronic bid olny** from eligible and qualified bidders for the construction of the following Projects under NCB bidding procedure.

| S. N | Contract No. | Name of Project | Estimated Amount inclusive VAT & PS | Bid Doc Fee, NRs. | Bid Security Fee, NRs. | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | 15 / SRM /NCB / 2082/83 | Construction of 15 Bed Hospital Building | | 10000 | 650000.00 | 2082-12-10 (22 Mar 2026) Before 12:00 Noon | 2082-12-10 (22 Mar 2026) Before 12:30 PM |
| 2 | 16 / SRM /NCB / 2082/83 | Gobarahiya – Bhujahawa Sadak Marammat | 2793101.00 | 3000 | 65000 | 2082-12-10 (22 Mar 2026) Before 12:00 Noon | 2082-12-10 (22 Mar 2026) Before 12:30 PM |

For detail notice visit office website: https://sarawalmun.gov.np/ Or, PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer


# कैलाली ४ मा चार जिल्लाका उम्मेदवार




मिसन संवाददाता
*धनगढी, ९ फागुन*

कैलाली निर्वाचन क्षेत्र नम्बर ४ मा कैलालीसहित चार जिल्लाका उम्मेदवारले उम्मेदवारी दर्ता गरेका छन।

मंगलबार निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दिएका १६ जना कैलालीसहित डोटी, डडेल्धुरा र बाजुराका रहेका छन्। जसमा कैलालीका १३, डोटी, डडेल्धुरा र बाजुराका १/१ जना रहेका छन। कैलाली भित्र पनि १२ जना कैलाली निर्वाचन क्षेत्र नम्बर ४ का र एकजना क्षेत्र बाहिरका रहेका छन्।

कैलाली निर्वाचन क्षेत्रभित्र ४ पालिका रहेका छन्। जसमा गोदावरी नगरपालिका, गौरीगंगा नगरपालिका, चुरे गाउँपालिकाका पूरै र मोहन्याल गाउँपालिकाको एउटा वडा समावेश छ। मंगलबार उम्मेदवारी दर्ता गराउनेमा गोदावरीका ६ जना, गौरीगंगाका ४ जना र चुरेका २ जना रहेका छन्।

गोदावरीबाट उम्मेदवारी दिनेमा नेशनल रिपबीलकन पार्टीका गोपीलाल राना (गोदावरी- ८ मजगाउँ), स्वतन्त्र उम्मेदवार छत्रबहादुर भट्ट खत्री (गोदावरी - ३ मालाखेती), मितेरी पार्टी नेपालका दिनेशकुमार मल्ल (गोदावरी २), नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)का मोहनदेव मिश्र (गोदावरी-२ अत्तरिया), नेपाल मानवतावादी पार्टीका यज्ञबहादुर टमोटा (गोदावरी -३) र नेकपा एमालेका लेखराज भट्ट (गोदावरी-१) रहेका छन्।

यस्तै गौरीगंगाबाट उम्मेदवारी दिनेमा राष्ट्रिय स्वतन्त्र पार्टीका खेमराज कोइराला (गौरीगंगा -१ मंगलपुर), नाउपा नेपालका धनबहादुर सुनार (गौरीगंगा - ५ अण्डैया), उज्यालो नेपाल पार्टीका सुभास कुँवर (गौरीगंगा -६ बनबेहडा) र नेपाल कम्युनिष्ट पार्टीका हरिराम चौधरी (गौरीगंगा -४)का रहेका छन्। चुरेबाट उम्मेदवारी दिनेमा राष्ट्रिय प्रजातन्त्र पार्टीका कमल रजवार (चुरे -१) र श्रम संस्कृति पार्टीका भिमबहादुर थापा मगर (चुरे -१ भासु) रहेका छन्।

यस्तै कैलालीको लम्कीचुहाबाट नेपाल मजदुर किसान पार्टीकी अमृता भुल (लम्कीचुहा -५ तिलकपुर)ले उम्मेदवारी दर्ता गरेकी छिन्। यस्तै डोटीबाट नेपाली काँग्रेसका गोरखबहादुर बिष्ट (जोरायल-५ धुपारी), बाजुराबाट नेकपा (माओवादी)का भक्तबहादुर शाही (जगन्नाथ- २ बस्केना) र डडेल्धुराबाट राष्ट्रिय जनमोर्चाका हेमराज भट्ट (नवदुर्गा -१ कोटेली)ले उम्मेदवारी दर्ता गरेका छन्।


## LAHAN MUNICIPALITY
### OFFICE OF MUNICIPALE EXECUTIVE
### LAHAN, SIRAHA
### MADHESH PROVINCE, NEPAL

**INVITATION FOR BIDS**

**First Date of Publication: 2082/11/10 (22th Feb 2026)**

1. Lahan Municipality invites Open Competitive Bidding (Single Stage Double Envelope Tender) from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:

| S. N. | Contract Identification No | (Description) | Bid Security Amount (NRs) | Bid Validity Period | Bid Document Fee (NRs.) | Minimum Average Annual Construction Turnover. | Contracts of Similar Size and Nature. | Bid Capacity |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LMUN-W21-NCB-2082-83-26 | Blacktopping Road Construction Work at Lahan-16 (Lahan Municipality Forest Check Post to Taregana) | 10,10,000.00 | 90 | 5000.00 | 5,60,12,000.00 | 1,49,36,000.00 | 2,98,73,000.00 |
| 2 | LMUN-W22-NCB-2082-83-27 | Blacktopping Road Construction Work at Fish Farm Ward No. 22 to Jahadi Lahan Municipality | 5,40,000.00 | 90 | 5000.00 | 2,97,51,000.00 | 79,34,000.00 | 1,58,67,000.00 |
| 3 | LMUN-W23-NCB-2082-83-28 | Drain and Blacktopping Road Construction Works from Gaudhuli Hotel to Kailash Mahato Ward No. 4 Lahan Municipality | 8,50,000.00 | 90 | 5000.00 | 4,70,67,000.00 | 1,25,51,000.00 | 2,51,02,000.00 |

2. Eligible bidders may obtain further information and inspect the Bidding Documents at the office of Lahan Municipality, Lahan (Siraha) or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***
3. **Information to deposit the cost of bidding document in Bank:**
   Name of Bank: Nepal Bank Ltd., Lahan (Siraha)
   Name of office: Lahan Municipality, Lahan (Siraha)
   Office Account No.: 03603000001001000001
4. Interested bidders should submit electronic bids through PPMO's e-GP system ***www.bolpatra.gov.np/egp*** only on or before **24-03-2026 A.D, 12:00 noon**. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline, 2080 and User manuals issued by PPMO which are available in e-GP system. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on **24-03-2026 A.D A.D, 2:00 PM** at the office of Lahan Municipality, Lahan. Bids must be valid for a period of days as mentioned in the table above after bid opening and must be accompanied by a bid security, amounting to a minimum as mentioned in the table above which shall be valid for 30 days beyond the validity period of the bid. The scanned copy of the bid security in pdf format should be uploaded in the e-GP system during bid submission.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement (Twelfth Amendment) Rules.
6. Any amendments in the tender notice shall be published in the e-procurement section.
7. If the Office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non-compliance with this instruction shall result in disqualification. Lahan Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administration Officer**

# निर्वाचनको परिणामले पूरा गर्नैपर्ने जनताका अपेक्षा

**मुलुकमा आएको विषम परिस्थितिलाई बुद्धिमत्तापूर्ण तरिकाले सम्पादन गर्न पनि नयाँ प्रतिनिधिसभाको आवश्यकता परेको हो किनभने संसदीय प्रजातान्त्रिक परम्परामा जनताको जनादेशबिनाको सरकारलाई लामो समयसम्म शासन गर्ने हक पनि हुँदैन । सायद त्यसैले पनि होला, सर्वोच्च अदालतको पूर्वप्रधानन्यायाधीशसमेत रहेकी प्रधानमन्त्री सुशीला कार्कीले आमनिर्वाचनबाट आएको सरकारलाई सत्ता सुम्पन आफू आतुर रहेको बताइरहेकी छन् र आफूले भवितव्यले सत्ता सम्हाल्नुपरेको अभिव्यक्ति पनि दिँदै आएकी छन् ।**



हरिविनोद अधिकारी

मतपत्रद्वारा मौनक्रान्ति गर्ने भनेको निर्वाचनमा हो । प्रत्येक निर्वाचनले एउटा परिवर्तनको आकाङ्क्षा राखेको हुन्छ र त्यसको समीक्षा गर्ने भनेको निर्वाचनपश्चात् हो । समयको अन्तरालमा किन परिवर्तन आवश्यक छ त ? भन्ने प्रश्नमा सिद्धान्त आफैँ भन्छ- जनताको धारणामा आएको परिवर्तनलाई मतपत्रमार्फत व्यक्त गर्ने हो । त्यसैले प्रत्येक निर्वाचनलाई प्रजातन्त्रमा जनादेशको महोत्सव मान्ने चलन छ ।

तर जनताले जब आफ्ना आकाङ्क्षा समष्टिगतरूपमा पूरा हुँदैनन्, पक्कै पनि त्यहाँ निराशाको सूत्रपात हुन्छ र वैधानिक तरिकाले परिवर्तन गर्नेभन्दा अन्य तरिकाले परिवर्तनको आवश्यकता महसुस गर्न थाल्छन् । त्यसले राज्य प्रणालीमा रहेका तथा उत्तरदायी व्यक्तिहरूले जनताका आकाङ्क्षा र राज्यको आवश्यकता पूरा नगर्दा हालैको नेपालको घटनाले नयाँ उदाहरण प्रस्तुत गरेको देखिन्छ ।

यसबाट नेपाल अझै पनि त्यो संक्रमणबाट गुज्रँदै छ भन्ने धेरै संकेतहरू विद्यमान छन् । जसको निराकरणका लागि आगामी फागुन २१ को निर्वाचन हुनैपर्दछ । सबैले भन्ने गरेको कुरा हो, संविधान अहिले आफ्नो बाटोबाट अलि यताउता लागेको छ, त्यसैले संवैधानिक परम्परालाई आफ् नो ठाउँमा यथावत् राख्न पनि छिट्टै नै निर्वाचित सरकारलाई संविधानअनुसार सरकार बनाउने अवस्था सिर्जना गर्नका लागि जनादेशअनुसारको सरकार आवश्यक छ, जुन आमनिर्वाचनबाट मात्र सम्भव छ ।

यसका लागि मुख्य पात्र राजनीतिक दलहरू नै हुन् किनभने बहुलवादी समाजमा जनताको प्रतिनिधित्व दलहरूले गरिरहेका हुन्छन् र तिनै दलहरूका बीचमा स्वस्थ प्रतिस्पर्धा पनि हुन्छ र हारजित पनि हुन्छ । नेपालको संविधान २०७२ को घोषणाा भएपछिको दोस्रो आमनिर्वाचन २०७९ साल मंसिर ४ गते भएको थियो तर २०८२ साल भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनले नयाँ परिस्थिति आयो र प्रतिनिधिसभा विघटन गरियो ।

प्रतिनिधिसभाको रिक्तता नहोस् भनेर राष्ट्रपति रामचन्द्र पौडेलले नयाँ सरकारका प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचन घोषणा भएको सर्वविदितै छ । त्यसैअनुसार निर्वाचनको व्यापक तयारी भइरहेको छ । अन्यथा यो आवधिक निर्वाचन २०८४ साल मंसिरमा हुनुपर्ने थियो ।

मुलुकमा आएको विषम परिस्थितिलाई बुद्धिमत्तापूर्ण तरिकाले सम्पादन गर्न पनि नयाँ प्रतिनिधिसभाको आवश्यकता परेको हो किनभने संसदीय प्रजातान्त्रिक परम्परामा जनताको जनादेशबिनाको सरकारलाई लामो समयसम्म शासन गर्ने हक पनि हुँदैन । सायद त्यसैले पनि होला, सर्वोच्च अदालतको पूर्वप्रधानन्यायाधीशसमेत रहेकी प्रधानमन्त्री सुशीला कार्कीले आमनिर्वाचनबाट आएको सरकारलाई सत्ता सुम्पन आफू आतुर रहेको बताइरहेकी छन् र आफूले भवितव्यले सत्ता सम्हाल्नुपरेको अभिव्यक्ति पनि दिँदै आएकी छन् ।

विसं २०८२ माघ १९ गते पहिलोपटक राष्ट्रियसभामा प्रधानमन्त्रीको हैसियतले सम्बोधन गर्दा पनि उनले त्यही कुरा दोहोऱ्याएर प्रजातन्त्रमा संसद्को गरिमालाई महत्व दिएको बताएकी छन् ।

निर्वाचनमा जित्ने र सत्ता प्राप्त गर्ने अनि मुलुकको विकास गर्ने राजनीतिक कुरा बुझ्न सकिन्छ किनभने यो राजनीतिक सिद्धान्तभित्रैको मुख्य काम हो । राजनीतिकरूपमा आमनिर्वाचन जनताका लागि महोत्सव हो, जसले भावी सत्ताको चित्र तयार गर्छ । शान्तिपूर्ण तरिकाले सत्ता सुम्पन्छ र आवधिक निर्वाचनको एउटा चक्र अन्त्य भएर निर्वाचितहरूले राज्यको सेवा गर्ने अर्को चक्रको सुरुवात हुन्छ ।

तर नेपालको वर्तमान अवस्थाको आकलन गर्ने हो भने जनतामा नैराश्यता देखिन्छ र परिवर्तनका लागि उत्सुकता पनि पाइन्छ । आखिर बहुदलीय संसदीय परम्परा भएको हाम्रोजस्तो प्रजातान्त्रिक प्रणालीमा परिवर्तन भनेको निर्वाचनमार्फत आउने हो । निर्वाचन जब एक महिनाभित्रै आएको छ भने यसबारेमा व्यापक छलफल, बहस र मुलुकको भविष्यका लागि भावी योजना कस्तो हुनुपर्छ भन्ने कुरामा अहिले नेपालमा नयाँ सजगता देखिएको छ ।




विगत केही वर्षदेखिको क्रियाकलाप र गणतन्त्र स्थापनाका बेलामा गरिएका वाचा र परिणामको लेखाजोखा निर्वाचनको मुखैमा सुरु भएको छ । खासगरी मूलधारका दलहरू नेपाली काँग्रेस, नेकपा एमाले, पुराना धेरै कम्युनिस्ट दलहरूको समूह नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीका बारेमा खुलेर समीक्षा सुरु भएको छ । दलहरूको कमीलाई र निर्वाचित प्रतिनिधिको गल्तीले प्रजातान्त्रिक शासन प्रणालीले दण्ड पाउनु हुँदैन ।

त्यसैले निर्वाचनमार्फत् जाने प्रतिनिधिहरूका बारेमा कस्तालाई दलले उम्मेदवार छानुन् र जनताले मत दिऊन् भन्ने शिक्षाको कमी छ भनेर मान्दा हुन्छ । त्यसो त उम्मेदवारहरू मैदानमा आइसकेको छन् । असल व्यक्ति छानिनुपर्छ भन्ने सिद्धान्तका आधारमा प्रतिनिधि छान्न पाउने जनताको अधिकार कुण्ठित हुनुहुँदैन भन्ने आममनोविज्ञान देखिन्छ । नेपाली जनता अहिले यही मनोविज्ञानका साथ मतदानको तयारीमा देखिन्छन् ।

निर्वाचन भन्नेबित्तिकै जनताको सही प्रतिनिधित्व कसरी हुन सक्छ भन्ने प्रश्न उठिरहेको हुन्छ । विश्वभरका प्रजातन्त्रका लागि यो मनोवैज्ञानिक समस्या हो । प्रतिनिधित्व पनि प्रत्यक्ष र अप्रत्यक्ष तरिकाले गरिन्छ । जस्तो कि सबैभन्दा बढी मत ल्याउनेले जित्ने निर्वाचन भनेको प्रत्यक्ष हो भने समानुपातिक निर्वाचनबाट निर्वाचित हुनेलाई अप्रत्यक्ष रूपमा निर्वाचित प्रतिनिधि भनेर भनिन्छ ।

तल्लो सदन र माथिल्लो सदनका काम उस्तै कानुन बनाउने भए पनि दायित्वका हिसाबले तल्लो सदनका सांसदहरूकाबारेमा बढी आलोचनात्मक रूपले बहस गरिन्छ किनभने उनीहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा जनताका घरदैलोमा गएका हुन्छन् र घरदैलोमा जानेबेलामा समीक्षा जनताले गर्नेछन् र सामूहिकरूपमा जवाफ पनि माग्नेछन् । जनताको मस्तिष्कमा हिजोका वाचा पनि रेकर्ड भएरै बसेको छ भन्ने कुरा अब जनताको घरदैलोमा जानेले पनि बिर्सनु हुँदैन ।

जनतामा रहेका भावनाहरूको कति प्रतिनिधित्व भएको छ भन्ने कुराको पनि समीक्षा यही बेलामा हुने र त्यसैका आधारमा अपेक्षासहित निर्वाचनका मत दिने काम हुनेछ भन्ने सैद्धान्तिक तथा व्यावहारिक तथ्य प्रकाशमा आएको छ ।

प्रत्यक्ष निर्वाचन र अप्रत्यक्ष निर्वाचनमा पनि जनताको सही प्रतिनिधित्व भएन भनेर विवाद पनि उठेको छ किनभने दलहरूले उम्मेदवार बनाउने मानिसको क्षमता र योग्यतामा प्रश्न उठाइन्छ । यसमा के मात्र भन्नु पर्ने हुन्छ भने निर्वाचन हुन्छ र त प्रश्न उठ्छ नी । तर बहुदलीय व्यवस्थामा दलहरूको विकल्प भनेका दलहरू नै हुन् र बहुलवादका आधारमा राज्य सञ्चालन गर्नका लागि मौलिक हकहरूको निर्वाध प्रयोग गराउनसक्ने र जनताको हकको रक्षा गर्नसक्ने सरकार चाहिन्छ, जसका लागि जनप्रतिनिधि पनि त्यस्तै योग्य, सुझबुझ राख्ने र बहुलतामा आधारित प्रतिनिधित्व गर्ने खालको पनि हुनुपर्छ ।

संसारका प्रजातान्त्रिक शासन व्यवस्था भएका देशहरूमा कतै संसद्का सांसदमध्येबाट सरकारमा प्रतिनिधित्व गराइन्छ भने कतै निर्वाचितहरूले कानुन मात्र बनाउँछन् र सरकारलाई पथप्रदर्शन गर्दै सरकारका रूपमा रहने कार्यपालिकाको अनुगमन, मूल्याङ्कन र सुधार गर्नका लागि कानुन निर्माण गर्छन् र सरकारलाई सजग बनाउँछ ।

संयुक्त राज्य अमेरिकामा सांसदले मन्त्री हुन पाउँदैनन् र कोही सांसद पदको मानिस मन्त्री हुने भएमा सांसद पदबाट राजीनामा दिनुपर्छ जस्तो कि कतिपय सिनेटरहरू जब मन्त्री हुन्छन्, उनीहरूले सिनेटबाट राजीनामा दिनुपर्छ र मात्र सिनेटमा उनीहरू मन्त्री या सचिव भएको ठिक हो कि होइन भनेर संसदीय सुनुवाइ गरिन्छ ।

सेवाको कुरा गर्दा राजनीतिलाई सेवा कि पेसा भन्ने बहस पनि छँदैछ । राजनीतिक चेतना भनेको आफूलाई चिन्ने, समाजलाई चिन्ने, कानुनको बारेमा सजगता र नागरिक अधिकार अनि कर्तव्यका बारेमा जानकारी लिने र आफूले जानेका कुराहरू समाजमा विस्तार गर्ने पनि हो ।

राजनीतिको आधार भनेको सिद्धान्त हो । आज संसारभरि प्रजातन्त्रका पक्षमा कि प्रजातन्त्रका विरुद्धमा भन्ने सिद्धान्तको विवाद छ । प्रजातन्त्रका विरोधीहरूले न आवधिक निर्वाचनका पक्षमा वकालत गर्छन्, न त जनताको मतबाट प्रतिनिधित्व गर्ने कुरामा विश्वास गर्छन् । त्यसैलाई हामी अराजकता पनि भन्छौँ र निरंकुशताको सूत्रपात पनि भन्छौँ । त्यसो त जस्तासुकै निरंकुश शासकले पनि आफ्नो शासन प्रणाली प्रजातान्त्रिक भन्ने गर्छन् र प्रजातन्त्रको परिभाषा पनि आफ्नै तरिकाले दिने गर्छन् । तर प्रजातान्त्रिक तरिकाले शासन गर्ने राजनीतिक व्यवस्था भएका देशहरूमा मात्र आवधिक निर्वाचन हुन्छ । त्यसले सरकारको आधारभूमि तयार गर्छ ।

जनतालाई शासन गर्ने कानुन बनाउने भनेको जनताका प्रतिनिधिहरूले मात्र हो । भनाइ छ, जनताका प्रतिनिधिको आदेशबाहेक न कर उठाउन पाइन्छ, न त उठेको करको पैसा नै खर्च गर्न पाइन्छ । त्यसैले आयव्ययको विवरण संसद्मा प्रस्तुत गरेर मात्र कार्यान्वयन गरिन्छ जसले जनताको अपनत्व पाउँछ ।

सिद्धान्तमा प्रजातान्त्रिक परिपाटीको अहिलेसम्म विकल्प देखिएको छैन । प्रजातन्त्रका नाममा गरिने छाडातन्त्रले त्यसको बदनाम हुन थालेकोले होला र प्रजातन्त्रको भविष्यप्रति नै चिन्ता व्यक्त गर्न थालिएको छ । त्यसको कारण हो, जनताले आफ्ना प्रतिनिधिहरूले आफ्ना समस्याको बारेमा चिन्तन गरुन् र समाधान गरुन् भन्ने चाहन्छन् । देश र आर्थिक अवस्था अनुसारका आकांक्षाहरू जन्मिन्छन् र समाधान खोज्छन् त्यो पनि सरकारबाट । त्यसैले सरकारले संसद् को विश्वासका आधारमा समस्याको समाधान दिने गर्छ ।

मुलुकमा देखिएको अव्यवस्था र अराजकताको विपक्षमा जनता गोलबद्ध हुँदैछन् र दलहरूप्रति दबाब दिन थालेका छन् असल उम्मेदवारको मनोनयन होस् भनेर । हाम्रोजस्तो करिब तीन करोडमात्र जनसङ्ख्या रहेको देशमा कति सांसद र कतिजना मन्त्री चाहिने हुन्, उनीहरूको सुविधा र कर्तव्य कस्तो हुनुपर्ने हो भन्ने विषयमा निर्वाचन अघि नभएर निर्वाचन पछि मात्र छलफल हुने गर्छ ।

अझ राजनीतिक समीक्षकहरूको कडा टिप्पणी कस्तो छ भने यो निर्वाचनमा पनि जनताका असली समस्याको समाधान हुन नसक्नेगरी प्रतिनिधिहरू जुनसुकै तरिकाले चयन भए पनि व्यवस्थाकै भविष्यमाथि प्रश्न उठ्न सक्नेछ । सत्ताको केन्द्रमा बस्नेहरूमा सगरमाथाको टुप्पाबाट संसार नै होचो देखेजस्तो गरेर सबै कुरामा अनभिज्ञता प्रकट गर्दै निर्वाचनमा होमिएको अनुभूति हुँदैछ । तर, जनता चाहन्छन् चुनावको वरपर यी आकांक्षा र भावनाहरूको सम्बोधन हुने नै छ ।

आगामी फागुन २१ गतेको निर्वाचनका अब धेरै दिन बाँकी छैन । त्यो निर्वाचनलाई शान्तिपूर्ण तरिकाले सहज र सरलतासँग सम्पन्न गर्नु हाम्रो नागरिक दायित्व पनि हो । निर्भयताका साथ नेपाली जनताले मतदान गर्ने अवस्था सिर्जना होस्, मतदानमा कमभन्दा कम मत बदर होस्, बढीभन्दा बढीले मतदान गर्ने अवसर पाऊन् भन्ने कुरालाई निर्वाचन आयोग, सरकार र नागरिक समाजले कर्तव्य ठान्नुपर्दछ । जनताका पक्षमा आगामी निर्वाचनलाई अनुवाद गरौँ र जसले समग्र नेपालीको प्रतिनिधित्व गर्न सकोस् । बदलिँदो अपेक्षासँग समयको पदचापको ख्याल गरौँ र निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाऔँ । प्रजातन्त्रलाई बचाऔँ र प्रजातन्त्रको विकल्प प्रजातन्त्रमात्रै हो भन्ने सत्य फेरि पनि सावित गरौँ ।

# अवधी भाषाको इतिहास र संरक्षणको दायित्व



आनन्द गिरि मायालु

नेपाल एउटा बहुभाषिक र बहुसांस्कृतिक देश हो, जसको भाषिक विविधता विश्वव्यापी रूपमा चर्चित छ । यस विविध भाषिक भूगोलमा अवधी भाषा पनि एक ऐतिहासिक र सांस्कृतिक रूपमा समृद्ध भाषा हो, जसले सयौँ वर्षदेखि नेपालको तराई क्षेत्रमा अवधी बोल्ने र लेख्ने अवधी भाषी समुदायहरूलाई एक समृद्ध भाषा तथा पहिचान प्रदान गर्दै आएको छ ।

विसं २०७८ को नेपालको राष्ट्रिय जनगणनाअनुसार नेपालमा रहेका १४२ जातजातिले बोलिने १२४ भाषाहरूमध्ये अवधी एउटा प्रमुख भाषा हो । विसं २०७८ को जनगणनाअनुसार नेपालमा अवधी भाषा बोलिनेको संख्या ८,६४,२७६ थियो । यो तथ्यांकअनुसार अवधी नेपालमा बोल्ने भाषाहरूमध्ये ७औँ स्थानमा पर्दछ । अवधी भारोपेली भाषा परिवारको सदस्य भाषा हो, जुन नेपालको बाँके, बर्दिया, दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी, कैलाली, कञ्चनपुर जिल्लामा बोलिने गरिन्छ । अवधी भाषाको प्रवासी विश्व भरी फैलिएका छन् । विश्वमा लगभग १२ करोड जनसंख्याले अवधी भाषा बोल्छन् र बुझ्छन् ।

अवधी भाषाको आफ्नो गौरवशाली इतिहास रहेको छ । अवधी भाषा अवध क्षेत्रबाट प्रसारित लोकभाषा हो र देवनागरी लिपिमा लेखिने एक प्राचीन इन्डो-आर्यन भाषा हो । अवधी भाषामा लेखिएका तुलसीदासको रामचरितमानस र मलिक मुहम्मद जायसीको पद्मावतजस्ता ग्रन्थ विश्वभर प्रसिद्ध रहेको छ । अवधी नेपालको तराई क्षेत्र मुख्यतया लुम्बिनीका बाँके, बर्दिया, दाङ, कपिलवस्तु, रूपन्देही, कैलाली, कञ्चनपुर तथा सुदूरपश्चिमका विभिन्न जिल्लाहरूमा व्यापक रूपमा बोलिन्छ । नेपाल सरकारले अवधी भाषालाई संविधानमार्फत एउटा राष्ट्रिय भाषाको मान्यता दिएको छ । यस्तै भाषा आयोगले अवधीलाई लुम्बिनी प्रदेशको एक आधिकारिक भाषाको रूपमा सिफारिस गरेको छ भने यसले भाषा अधिकार तथा बहुभाषिक पहिचानलाई संवैधानिक मान्यता प्रदान गर्दछ । अवधी भाषाको इतिहास धेरै पुरानो छ । यसको व्युत्पत्ति प्राकृत र अपभ्रंश भाषाबाट विकसित भएको मानिन्छ र यसको मौखिक तथा लिखित परम्पराले शताब्दीसम्म सांस्कृतिक चिनारी बनाइरहेको छ । यूनेस्कोले अवधीलाई नेपाल र भारतको अमूर्त सांस्कृतिक विरासत (सम्पदा) मानेको छ ।

नेपालमा अवधी भाषा र साहित्यको कुरा गर्दा प्राचीन लिखित साहित्य प्रशस्त भैँटिदैन् तर स्थानीय समुदायमा यसको मौखिक परम्पराजस्तै गीत, लोककथा, नाटक, धार्मिक भजन र सांस्कृतिक गीतहरू प्रशस्त पाइन्छ, जुन सदियौँदेखि प्रचलित रहँदै आएको छ ।

अवधी भाषामा लेखिएको वर्तमान साहित्यको कुरा गर्ने हो भने अवधी कविताहरू, नेपालीबाट अनुवादित अवधी निबन्ध तथा स्थानीय लोककथाहरू प्रकाशित भएका छन् ।

नेपालका अवधी लेखकहरू मुख्यतया स्थानीय कवि, कवयित्री र सांस्कृतिक व्यक्तित्वहरू हुन् जसले पारिवारिक, सामाजिक र धार्मिक जीवनका विषयमा लेखेका छन् । हालका अवधी साहित्यकारहरूमा बाँकेबाट आनन्द गिरि मायालु, सच्चिदानंद चौबे, इद्रीश सायल, श्यामानंद सिंह, दाङबाट रामगोपाल यादव, जगतराम यादव, कपिलवस्तुबाट युवराज गुप्ता बैरागी, काठमाडौँबाट मेदिनीकुमार केवल, बर्दियाबाट अयोध्याप्रसाद श्रीवास्तवजस्ता व्यक्तिहरू अवधी कविता, कथा र नाटकमार्फत भाषा-साहित्यको विकासमा सक्रिय छन् । यति हुँदा पनि अवधीको लिखित ग्रन्थ साहित्यको संरचना अझै व्यापक रूपमा व्यवस्थित हुन सकेको छैन । धेरै काम मौखिक, सामुदायिक तथा सामाजिक मिडियामा सीमित छन् ।

मिडिया र रेडियोमा अवधी भाषाको स्थिति हेर्दा नेपालमा सञ्चारमाध्यमहरूले अवधीलाई समावेश गर्ने प्रयास गरेका छन् । गोरखापत्र अनलाइन तथा प्रिन्ट संस्करणमा अवधी भाषासहित विभिन्न मातृभाषामा सामग्री प्रकाशित गर्दै आएको छ, जसले बहुभाषिकता र सामाजिक समावेशितालाई प्रोत्साहन दिएको छ । नेपाल टेलीभिजन क्षेत्रीय प्रसारण कोहलपुरले अवध आवाज चेतनामूलक अवधी कार्यक्रम प्रसारण गर्दै आएको छ । रेडियो कृष्णसार एफएम, रेडियो बागेश्वरी एफएमलगायत अन्य रेडियो स्टेशनबाट कार्यक्रमहरू अवधी भाषामा प्रसारण भइरहेका छन्, जसले स्थानीय समुदायलाई सूचना र ज्ञान साझा गर्न मद्दत गरेको छ । बाँकेका लोकप्रिय अवधी उद्घोषकहरूमा आनन्द गिरि मायालु, चंदा सिंह, संध्या शर्मा, किराउ मियांको नाम उल्लेखनीय रहेको छ । साथै राष्ट्रिय तथा स्थानीय एफएम स्टेसनहरूले अवधी भाषामा जिंगल, सूचना कार्यक्रम तथा जनचेतना प्रसारण गर्ने प्रयास गरेका छन् । तर अझै पनि समग्र मिडिया क्षेत्रले अवधी भाषालाई पर्याप्त स्थान दिन सकेको छैन, विशेष गरी टेलिभिजन तथा अनलाइन प्लेटफर्महरूमा ।

पाठ्यक्रम र भाषा-शिक्षाको कुरा गर्दा नेपालका केही विद्यालयहरूले अवधी भाषासम्बन्धी पाठ्यक्रम र स्रोत सामग्रीहरू विकास गरेका छन् । अवधी भाषा कक्षा १२ सम्मका लागि पाठ्यपुस्तकहरू उपलब्ध छन् ।

प्रज्ञा-प्रतिष्ठानले अवधी-नेपाली शब्दकोष, व्याकरण तथा अनुवाद ग्रन्थहरू उपलब्ध गराएको छ । उदाहरणका लागि लघु अवधी शब्दकोष प्रकाशित भएको छ, जसले भाषा शिक्षण र अनुसन्धानमा सहयोग पुऱ्याउँछ ।

संस्थागत रूपमा अवधी भाषा विकासको कुरा गर्ने हो भने नेपालमा अवधी भाषा शिक्षा र अनुसन्धानमा विभिन्न सामाजिक तथा शैक्षिक संस्थाहरू सक्रिय छन् । जस्तै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान जुन भाषा अनुसन्धान, शब्दकोष निर्माण तथा साहित्य प्रकाशनमा सक्रिय रहेको छ । र बाँकेको शब्द प्रतिभा बहुक्षेत्रीय सम्मान फाउंडेशन नेपाल, अवधी पत्रकार संघ, दाङको नेपाल अवधी संस्कृति संरक्षण प्रतिष्ठान र कपिलवस्तुको अवध संस्कृति संरक्षण केन्द्रले कवि गोष्ठी, भाषा कार्यशाला तथा लोकसंस्कृति संरक्षणका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

यी संस्थाहरूले भाषा साहित्यका कार्यक्रम, अनुवाद कार्य तथा अनुसन्धान प्रकाशनमार्फत अवधीको विकास-संरक्षणमा योगदान दिएका छन् तथापि संशाधन र संरचनाको अभावले विकास सीमित छ । राज्यस्तरीय अवधी भाषा विकासको पहल र संरक्षण कार्यको विश्लेषण गर्दा नेपाल सरकारले बहुभाषिकताको सम्मान तथा संरक्षणको लागि नीतिगत योजना निर्माण गरेको छ । संविधानले मातृभाषा संरक्षणलाई मान्यता दिएको र सरकारी मिडिया र सामाजिक कार्यक्रमहरूमा योगदान गर्ने प्रयासहरू देखिन्छन् । सार्वजनिक सेवा प्रसारण रेडियो नेपाल राज्य सञ्चालित सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा नेश्नल समाचार एजेन्सीले अवधीसहित अन्य मातृभाषाहरूको समाचार सेवा विस्तार गर्ने प्रयास गरेको छ जसले भाषा अधिकार र समावेशिताको समर्थन गर्दछ ।

तर व्यावहारिक रूपमा भाषा संरक्षण र संवर्द्धनका लागि राज्यस्तरीय बजेट, शिक्षक तालिम, भाषा अध्ययन केन्द्र तथा सुगम प्रकाशन समर्थन अझै धेरै आवश्यकता छ ।

वैश्विक रूपमा अवधी भाषा-साहित्य स्थितिको कुरा गर्दा अवधी भाषा मात्र नेपाल र भारतमा सीमित नभई फिजी, सूरीनाम, त्रिनिदाद तथा टुबागोलगायत विश्वका केही स्थानहरूमा पनि स्थानीय गिरमिटीया समुदायहरूले बोलिरहेका छन् । संसारभरिमा अवधी भाषा बोल्नेको संख्या १५ करोडभन्दा बढी रहेको छ ।

विश्व साहित्यमा रामचरितमानसजस्ता कृतिहरू अवधी भाषालाई एक सांस्कृतिक गौरवका रूपमा स्थापित गर्छन् । तर वर्तमान अवस्थामा अवधी भाषाको मानकीकृत साहित्यिक विकास, विश्वव्यापी प्रसार र शैक्षिक मान्यता चुनौतीपूर्ण रहेको छ ।

अवधी भाषा विकासको चुनौती र समाधानबारे भन्नेहो भने संरक्षण, संवर्द्धन र राज्यको भूमिका महत्वपूर्ण रहेको छ । नेपालमा अहिलेसम्म अवधी भाषा सम्पादन संरक्षणका लागि आवश्यक कदमहरू - अवधी भाषा, साहित्य, कला र संस्कृतिको विकासका लागि भाषिक अध्ययन र अनुसन्धानको आवश्यकता रहेको छ । विश्वविद्यालय तथा भाषा अध्ययन केन्द्रहरूले अवधी भाषामा शोध, आलोचना तथा साहित्यिक इतिहास लेखन गर्नुपर्छ । अवधी व्याकरण र डाटाबेस निर्माण आवश्यक छ ।

पाठ्यक्रम र शिक्षण संशाधन वृद्धिका लागि औपचारिक पाठ्यक्रम, शिक्षक तालिम र अवधी पुस्तकालय प्रणाली स्थापना गर्नुपर्छ ।

अनलाइन तथा सामुदायिक शिक्षण प्लेटफर्मलाई प्रोत्साहन दिनुपर्छ । मिडिया र सञ्चारअन्तर्गत टेलिभिजन, रेडियो तथा डिजिटल मिडियामा अवधी सामग्रीका लागि अनुदान तथा उत्साहजनक कार्यक्रमहरू निर्माण गर्नुपर्छ । प्रत्येक प्रदेश तथा स्थानीय तहले अवधीलगायत मातृभाषा समाचार सेवा उपलब्ध गराउने नीति लागू गर्नुपर्छ । साहित्यिक प्रोत्साहनका लागि साहित्यकार, कवि तथा लेखकहरूलाई पुरस्कार, अनुवाद परियोजना तथा अन्तर्राष्ट्रिय महोत्सवमार्फत अवसर प्रदान गर्नुपर्छ । अवधी भाषा महोत्सव तथा कवि गोष्ठी अभियानलाई संरचना, फन्ड र नेटवर्क प्रदान गर्नुपर्छ ।

नेपालमा अवधी भाषा र साहित्य एक जीवित, सांस्कृतिक रूपमा अमूल्य भाषा-परम्परा हो, जसले तराईका समुदायहरूको पहिचान, सांस्कृतिक धरोहर र भाषिक विविधतामा योगदान पुऱ्याइरहेको छ । यसको मौखिक परम्परा र साहित्यले समृद्ध सांस्कृतिक भावनाहरू आत्मसात् गरेको छ । राज्य, शैक्षिक संस्थान, मिडिया तथा साहित्य जगतले मिलेर अवधीलाई संरक्षित र संवर्द्धन गर्ने दिशामा ठोस कार्य गर्दा मात्र यसले भविष्यमा अझ सुदृढ रूप लिन सक्नेछ । नेपालमा मात्र नभई विश्वव्यापी रूपमा अवधीलाई एक महत्वपूर्ण भाषिक-सांस्कृतिक सम्पदा बनाइरहन सकिनेछ ।

# निर्देशनालयको लापरवाहीले सडक कालोपत्रेको काम रोकिने चिन्ता

**नन्दराम जैशी**
*सुर्खेत, ९ फागुन*

कर्णाली प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८२-०८३ का लागि हुड्के, ब्यूरेनि, साझघाट, चेपाङ जामु सडक निर्माण गर्न बजेट नै नछुट्याएपछि समस्या आएको छ। एकातिर सडक कालोपत्रेको काम धमाधम भइरहेको छ भने अर्कोतिर ठेकेदार पक्षलाई रकम भुक्तानी गर्न बजेट नै छैन। सडक कालोपत्रेको काम अन्तिम चरणमा पुगिसक्दा सरकारी पक्षको कमजोरीका कारण बजेट नहुँदा ठेकेदारपक्ष काम गर्ने कि रोक्ने भन्ने दोधारमा छ।

आर्थिक वर्ष २०८०-०८१ देखि काम सुरु भएको यो सडक निर्माणका लागि कूल सम्झौता रकम ६१ करोड ५९ लाख रहेको छ। तर ठेकेदार पक्षले हालसम्म काम गरेको पूरा रकम पाएको छैन। सडक निर्माणको काम गरे पनि रकम भुक्तानी हुने निश्चित नभएपछि सडक निर्माणकार्य चिन्ताको विषय बनेको हो।

यसअघि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले समेत सो सडक निरीक्षण गर्दै ठेकेदार पक्षलाई धमाधम काम गर्न तर रकम भुक्तानीको चिन्ता नलिन सुझाव दिएका थिए। तर ठेकेदार पक्षले हालसम्म काम गरेको ११ करोड बढी रकम भुक्तानी पाएको छैन।

निर्माण कम्पनी खड्का, कृष्ण, श्याम एण्ड संकर जेभिले हालसम्म काम गरेको रकम भुक्तानीअनुसार ६७ र कामको आधारमा ८५ प्रतिशत बढी निर्माणकार्य सम्पन्न भएको छ। निर्माण कम्पनीका कन्ट्र्याक्टर प्रोजेक्ट म्यानेजर दिलिप सुवेदीका अनुसार आगामी वैशाखसम्म काम सक्ने तयारी छ भने यही हप्तामै १० किलोमिटर कालोपत्रेको काम सकिँदै छ।

उनका अनुसार यस सडकको कूल लम्बाई १६ किलोमिटर रहेको छ। यो सडक निर्माणका लागि कूल १६ किलोमिटर दूरी बराहताल गाउँपालिका ८ हुड्केस्थित सुरु भई बराहताल ४ तरंगासम्म रहेको छ।

'सडक कालोपत्रेसहितको निर्माण सम्झौता आगामी असारमा सकिँदैछ। सोहीअनुसार हामी काम सम्पन्न गर्न पनि तयार छौँ, तर सडक निर्माणका लागि यस वर्ष बजेट नै विनियोजन भएको छैन्,' उनले भने, 'यस क्षेत्रका स्थानीयको कष्टपूर्ण सडक यात्रा देखेर निर्माण कम्पनीले तीव्र गतिमा काम गरिहेको छ। तर कामअनुसार रकम भुक्तानीको ग्यारेन्टी नहुँदा समस्यामा छौँ।'



बर्खा लाग्नुअघि काम नसकेको खण्डमा हालसम्म गरेको काम पनि भत्किएर सडक अवरुद्ध हुनसक्ने अवस्था रहेको उनी बताउँछन्। यता पूर्वाधार विकास निर्देशनालय सुर्खेतले सडक निर्माणमा रकम अभाव हुन नदिने दाबी गरेको छ। निर्देशनालयका सूचना अधिकारी वीरेन्द्रजंग शाहीले बजेट व्यवस्थापनका लागि छलफल भइरहेको बताए।

'यो सडक समपूरक योजना अर्न्तगतको हो। यस वर्ष यस सडकका लागि बजेट नै विनियोजन नहुँदा समस्या आएको नै हो, तर समस्या समाधानमा लागिपरेका छौँ,' उनले भने, 'प्रदेश सरकारको बजेट रकमान्तर गरेरै भए पनि यो सडक निर्माणमा लगानी गर्ने तयारी छ, यसमा छलफल भइरहेको छ, तर समपूरक योजनामा रकमान्तर गर्न मिल्छ कि नाइँ ? यसबारे अर्थ मन्त्रालयसँग सहकार्य गरिरहेका छौँ।'

अर्थ मन्त्रालयको स्वीकृति आएमा बजेट समस्या नहुने दाबी गर्दै बजेटकै कारण यो सडक निर्माणको काम रोक्न आवश्यक नरहेको उनले बताए। 'निर्माण कम्पनीले हालसम्म गरेको काम अनुसारको ११ करोड रकम भुत्तानी गर्नुपर्ने कार्यालयलाई दायित्व सिर्जना भएको छ, तर पाँच करोड निर्माण कम्पनीले अग्रिम पेश्की लिएको छ,' उनले थपे, 'पेश्की रकम काट्ने हो भने, अब चानचुन सात करोड रकम अपुग देखिन्छ। त्यो रकम व्यवस्थापनको पहल भइरहेको छ।'

रकम अभावकै कारण निर्माण कम्पनीले काम रोक्छ जस्तो नगालेको भन्दै हाल स्रोत सुनिश्चित नभएकाले काम सम्पन्नपछि रकम नपाउने हो कि ? भन्ने चिन्ता लिनु स्वभाविकै रहेको उनले बताए।

हुड्के-ब्यूरेनि-साझघाट-चेपाङ जामु सडक कालोपत्रे भएपछि बराहताल गाउँपालिकाका तरंगा, तेलपानी लगायतका दर्जनौं बस्ती पहिलो पटक पक्की सडक सञ्जालमा जोडिएका छन्। स्थानीयका अनुसार सडक बनेपछि वर्षौंदेखि भोग्दै आएको कच्ची, धुलाम्य र जोखिमपूर्ण यात्राबाट मुक्ति मिल्नेछ। तर सडक १६ किलोमिटर नै कालोपत्रे गर्न माग छ।

निर्माण कम्पनीले अधिकांश खण्डमा बेस, सब-बेस र ड्रेनेज संरचना निर्माण गरिरहेको छ। केही भागमा कालोपत्रे बाँकी छ। बर्खा सुरु हुनुअघि काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ। वर्षात्का बेला हिलो र पहिरोका कारण सडक अवरुद्ध हुँदा बिरामीलाई अस्पताल पुऱ्याउन, विद्यार्थीलाई विद्यालय जान र किसानलाई उत्पादन बजारसम्म लैजान निकै सास्ती हुने गरेको थियो।

धुलाम्य सडकका कारण श्वासप्रश्वाससम्बन्धी समस्या बढ्नुका साथै सवारीसाधन सञ्चालन पनि अनियमित हुने समस्या थियो। सडक कालोपत्रे भएपछि कृषि उपज ढुवानी सहज हुने, यातायात खर्च घट्ने तथा बजार पहुँच विस्तार हुने अपेक्षा गरिएको छ।

## धमाधम स्याउ बगैंचा व्यवस्थापन गरिँदै



**मिसन संवाददाता**
*हुम्ला, ९ फागुन*

हिमाली जिल्ला हुम्लाका किसान यतिबेलास्याउ बगैंचा काँटछाँट तथा व्यवस्थापन कार्यमा व्यस्त देखिएका छन्।

स्याउका बोट समयमै काँटछाँट, मलजल र सिँचाइको उचित व्यवस्था गर्दा गुणस्तरीय फल उत्पादन हुने अपेक्षा छ। प्राविधिकको सुझाव अनुसार किसानहरू धमाधम बगैंचा सुधारतर्फ लागेको सिमकोट गाउँपालिका-५ का किसान मानवीर रोकायाले बताए।

विगत पाँच दिनदेखि आफ्ना ५० बोट स्याउ रहेको बगैंचाको व्यवस्थापनमा जुटेको उनी बताउँछन्। 'सबै बोटको काँटछाँट गर्नुका साथै मल राख्ने खाल्डो खन्ने, सिँचाइ गर्ने र बोटको डाँठमा बोडोपेस्ट लगाउने कार्य भइरहेको छ' उनले भने, 'यसअघि बगैंचाको नियमित हेरचाह नगरे पनि गत वर्ष कृषि प्राविधिकबाट तालिम पाएपछि म सक्रिय भएको हुँ।'

जिल्लाको नाम्खा गाउँपालिका-१ स्थित हेप्का खोलामा स्याउ बगैचा बनाएका किसान पासाङ लामाले पनि बगैंचा व्यवस्थापनको काम तीव्र रूपमा भइरहेको जानकारी दिए। उनले हाल साढे तीन सय बढि स्याउ लगाएका छन्। फल दिइरहेका स्याउका बोटहरूको काँटछाँट पूरा भइसकेको भन्दै सिँचाइ वयवस्थापनको काम भइरहेको उनले बताए।

हुम्लामा मंसिर अन्तिम सातादेखि नै स्याउ बगैंचा व्यवस्थापन सुरु गर्न सकिन्छ। उच्च हिमाली क्षेत्रहरूमा फागुन महिनाभर काँटछाँट गर्न सकिने कृषि विकास कार्यालयका प्रमुख चूडामणि पन्तले बताए। उनका अनुसार जिल्लामा ५० भन्दा बढी विरुवा रहेको स्याउ बगैंचाको सङ्ख्या १५० भन्दा बढी छन्।

विभिन्न सहयोगी निकायको सहजीकरणमा किसानहरू विरुवा काँटछाँट, मलजल र बोडोपेस्ट प्रयोगलाई प्राथमिकता दिन थालेका हुन्। किसानको बढ्दो सक्रियतासँगै हुम्लामा व्यवसायिक स्याउ खेतीको सुरुआत भएको छ।

यसले आगामी दिनमा उत्पादन वृद्धि गर्ने विश्वास लिइएको छ। हुम्लाका सातवटै गाउँपालिकाहरू स्याउ खेतीका लागि उपयुक्त मानिन्छन्।

## आगलागीबाट घर जलेर नष्ट

**मिसन संवाददाता**
*जुम्ला, ९ फागुन*



जिल्लामा आगलागीबाट तीन तले एक घरजलेर पूर्ण रूपमा नष्ट भएको छ। जिल्लाको तातोपानी गाउँपालिका-८ बङतडिस्थित एक घरमा आगलागी भएको हो। आगलागी हुँदा घर पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरी चौकी टोप्लाले जानकारी दिएको छ। प्रहरीका अनुसार आगलागीबाट बङतडिका सन्देशकुमार शाहीको तीन तले नौ कोठे घर पूर्ण रूपमा ध्वस्त भएको हो। पीडित शाहीका अनुसार बिहीबार राति करिब १० बजेतिर घरमा आगो लागेको हो। उक्त समयमा घरमा कोही पनि नभएकाले मानवीय क्षति भने हुन पाएन।

तर घरभित्र रहेका लत्ताकपडा, गरगहना तथा नगद रकमसमेत जलेको परिवारले जनाएको छ। शाहीका बुबा दिलबहादुर शाही जडीबुटी व्यापारी भएकाले घरमा नगद रकम पनि रहेको र सो समेत जलेको परिवारको भनाइ छ। राति करिब १० बजेबाट सुरु भएको आगो शुक्रबार बिहान करिब ५:३० बजेतिर मात्रै नियन्त्रणमा आएको थियो। स्थानीयवासी र प्रहरी चौकी टोप्लाको सक्रियतामा आगो नियन्त्रणमा लिइएको हो।


**Dullu Municipality**
**Office of Municipal Executive**
**Dullu, Dailekh**
**Karnali Province, Nepal**

**INVITATION FOR E-BIDS**

**Second Date of Publication: 09/03/2026**

Dullu Municipality Office invites only Electronic bids from Nepalese eligible bidders for the Following Works under NCB procedures.. Bidder have only option to submit their bid electronically & Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically.

**Name of the Bank:** Rastriya Banijye Bank, **Office Code No. :** 66-365-08

**Rajaswa Khatta No.:** 4340100301010002 **Dharauti Khatta No.:** 4340100303000002

Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon before **12:00 Noon of 09/03/2026.** Bids received after this deadline will be rejected.

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatever.

| S.N. | Contract No | Work Description/ Name of Project | Estimated Amount Without VAT & P.S (NRs) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | WORKS/ NCB/DM/ 29/2082/083-Re | Bindawasini Mandir Kshetra ma Purbadhar Nirman (R.C.C.Building Construction works) Dullu 05, Dailekh | 2137278.15 | 68000 | 3000 | 120 days |

**Chief Administrative Officer**

**Gandaki Province Government**
**Ministry of Physical InfrastructureDevelopment & Transport Management**
**Infrastructure Development Office**
**Gorkha**

**Invitation for Bids**

**Date of Publication: 2082-11-10 (22 February 2026)**

Infrastructure Development Office, Gorkha invites online bids only under e-procurement system from eligible bidders for the construction of Projects mentioned below under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S.N. | Works Descriptions | Engineers Estimate with VAT & PS (NRs) | Bid Security Amount Required(NRs) |
|---|---|---|---|
| 1. | Landslide Prevention and Control to Protect the Building of Himalaya Secondary School, Barpak, Sulikot 4, Gorkha (IDO/GORKHA/NCB/W/93/082/083) | 2,435,855.84 | 62,000.00 |

2. Last date of Bid Submission – 24 March2026, 12:00
3. Cost of Bid Document – Nrs. 3000
4. Bank details for Purchasing Bid Documents:-
   **Bank Name-** Rastriya Banijaya Bank Ltd, Gorkha **Office Name :-** Infrastructure Development Office, Gorkha
   **Account No:-** 1000100201010004 **Office Code:-** 3370136014
   **Rajaswa (Revenue) CodeNo:-** 14229
5. Pre-bid Meeting meeting will be held in Infrastructure Development Office, Gorkha at 13: hours of 12 March 2026 (2082/11/28).
6. Bid Validity Period shall be 90 days and required validity of the bid security shall be minimum 30 days beyond bid validity period.
6. Bid will be opened at 13:00 of 24 March 2026 (2082/12/10) in Infrastructure Development Office, Gorkha.

**Infrastructure Development Office, Gorkha**

# ‘मतदाताले कामको मूल्यांकन गरिरहेका छन्’

मिसन संवाददाता
*कैलाली, ९ फागुन*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) कैलाली क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्य उम्मेदवार गौरीशंकर थारूले आफूले विगतमा इमान्दारीपूर्वक काम गरेको दाबी गर्दै मतदाताले सकारात्मक मूल्यांकन गरिरहेको बताएका छन् । २०७० र २०७४ सालमा सांसद भइसकेका थारूले २०७४ मा एमालेबाट निर्वाचित भएपछि कैलाली क्षेत्र नम्बर ३ मा सडक, कल्भर्ट, पुल, तटबन्धन तथा विद्युत् विस्तारजस्ता आधारभूत पूर्वाधारमा उल्लेखनीय पहल गरेको दाबी गरे ।




प्रेस चौतारी कैलालीको आयोजनामा प्रेस चौतारीसँग उम्मेदवार कार्यक्रममा थारूले भने, ‘म अहिले घरदैलो अभियानमा छु । मतदातासँग प्रत्यक्ष भेटघाट भइरहेको छ । मैले विगतका वर्षमा शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रमा गरेका कामका आधारमा मतदाता मप्रति सकारात्मक छन् । उहाँहरू खुसी हुनुहुन्छ । मैले इमान्दारीपूर्वक काम गरेकाले नै जनताले साथ दिनुहुन्छ भन्ने विश्वास लिएको छु ।’

आफू नौ महिना कृषिमन्त्री रहँदा कृषि आधुनिकीकरण परियोजना अघि बढाएको स्मरण गर्दै थारूले भने, ‘कृषि हाम्रो क्षेत्रको मुख्य आधार हो । मैले मन्त्री हुँदा कृषि आधुनिकीकरण परियोजना ल्याएँ । अहिले ब्लक र पकेट क्षेत्रहरू सञ्चालनमा छन् । किसानहरूले प्रत्यक्ष लाभ पाएका छन् । कोल्ड स्टोर स्थापना भएको छ । उत्पादन भण्डारण र बजारीकरणमा सहजता आएको छ ।’

उनले यस क्षेत्रमा पिठो उद्योग सञ्चालन हुन नसक्नु दुःखद पक्ष भएको उल्लेख गर्दै स्थानीय उत्पादनलाई प्रशोधन र बजारीकरणसँग जोड्न थप पहल गर्ने प्रतिबद्धता जनाए । ‘हामीले उत्पादन बढायौं, तर प्रशोधन उद्योग पर्याप्त रूपमा सञ्चालन हुन सकेनन् । यो क्षेत्रको कमजोरी हो । अब स्थानीय उद्योगलाई प्रवर्द्धन गरेर कृषिलाई आत्मनिर्भर र व्यावसायिक बनाउने योजना छ,’ उनले भने ।

थारूका अनुसार २०७० अघि मुख्य राजमार्गबाहेक ग्रामीण क्षेत्रमा विद्युत् विस्तार कमजोर अवस्थामा थियो । आफू सांसद बनेपछि व्यापक विद्युतीकरण गरिएको उनले बताए । ‘पहिले मुख्य राजमार्ग आसपास मात्र विद्युत् थियो । गाउँ-गाउँमा अँध्यारो थियो । म सांसद भएपछि विद्युतीकरणको काम अघि बढ्यो । धेरै बस्तीमा बिजुली पुगेको छ,’ उनले भने ।

उनले झोलुङ्गे पुल निर्माण, नदी कटान रोक्न तटबन्धन, ग्राभेल सडक तथा कल्भर्ट निर्माणलाई आफ्नो कार्यकालको उपलब्धि बताए । ‘हामीले झोलुङ्गे पुल बनायौं, नदी कटान रोक्न तटबन्धन गर्‍यौं । धेरै ग्राभेल सडक र कल्भर्ट बने । दुर्गम बस्तीलाई जोड्ने काम भयो । अझै केही अधुरा काम छन्, ती पूरा गर्न प्रतिबद्ध छु,’ थारूले भने ।

थारूले विशेषगरी रानीजमरा-कुलरिया सिँचाइ आयोजनालाई पूर्णरूपमा सञ्चालनमा ल्याउने आफ्नो प्राथमिकता रहेको बताए । ‘रानीजमरा-कुलरिया सिँचाइ आयोजना यस क्षेत्रको जीवनरेखा हो । यसलाई प्रभावकारी रूपमा सुचारु गराउन म निरन्तर पहल गर्नेछु । किसानको खेतमा पानी पुगे मात्रै समृद्धि सम्भव छ,’ उनले भने ।

साथै २०७९ पछि निर्वाचित जनप्रतिनिधिहरूले विकास निर्माणका अधुरा योजनालाई अपेक्षित प्राथमिकता नदिएको उनको आरोप छ । ‘२०७४ मा निर्वाचित जनप्रतिनिधिले जनताको पक्षमा काम गरे । तर २०७९ पछि निर्वाचित प्रतिनिधिबाट विकासका अधुरा योजना पूरा गर्न पर्याप्त ध्यान दिइएन । निरन्तरता नहुँदा जनताले दुःख पाएका छन्,’ उनले भने ।

# कैलालीका चार स्थानमा अस्थायी मतदान केन्द्र निर्धारण

मिसन संवाददाता
*धनगढी, ९ फागुन*

प्रतिनिधिसभा सदस्यको आसन्न निर्वाचनको तयारीका क्रममा कैलाली जिल्लाका चार ठाउँलाई अस्थायी मतदान केन्द्र तोकिएको छ ।

प्रदेश निर्वाचन कार्यालयले कैलालीको निर्वाचन क्षेत्र-१ मा पर्ने टीकापुर नगरपालिका भवन, क्षेत्र-४ मा पर्ने गोदावरी नगरपालिकाको बनदेवी मन्दिर परिसर, क्षेत्र-५ मा पर्ने धनगढी उपमहानगरपालिका भवन र धनगढीकै जिल्ला कारागार शाखालाई अस्थायी मतदान केन्द्र तोकिएको जनाएको छ ।

कार्यालय प्रमुख प्रेमराज भट्टले भने, ‘स्थायी मतदाता नामावलीमा नाम समावेश भएकाले मात्र अस्थायी मतदान केन्द्रमा पुगेर समानुपातिक निर्वाचन प्रणालीमा मात्र मतदान गर्न पाउँछन् ।’ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, कर्मचारी र कारागारका कैदीबन्दीलाई मतदान गर्न पाउने व्यवस्थाका लागि अस्थायी मतदान केन्द्र स्थापना गरिएको हो ।

कर्मचारी, सेना, प्रहरी, कैदीबन्दीले समानुपातिक निर्वाचन प्रणालीमा मात्र मतदान गर्न पाउने व्यवस्था छ । जिल्लाका अस्थायी मतदान केन्द्रमा पुगेर मतदान गर्न पाउनेमा ४० कैदीबन्दी सहित चार हजार १९६ मतदाता छन् । पाँच निर्वाचन क्षेत्र रहेको कैलाली जिल्लामा प्रत्यक्ष र समानुपातिक गरी दुवै निर्वाचन प्रणालीमा भाग लिन पाउने स्थायी मतदाताको कूल सङ्ख्या भने



कूल पाँच लाख ५१ हजार ५२ छ ।

दुवै निर्वाचन प्रणालीमा भाग लिनपाउने मतदाताका लागि जिल्लाभरी २३७ मतदान स्थल तोकिएको छ । निर्वाचन कार्यालयले हाल धमाधम मतदान अधिकृत र सहायक मतदान अधिकृतको लागि प्रशिक्षण सञ्चालन गरिरहेको छ । निर्वाचनको मिति नजिकिँदै जाँदा केन्द्रबाट मतपत्रसहितको निर्वाचन सामग्री जिल्लामा पुगिसकेको छ ।

निर्वाचनका लागि ५१ प्रकारका निर्वाचन सामग्री आवश्यक पर्नेमा ३७ प्रकारका सामग्री प्रदेश निर्वाचन कार्यालयबाट र बाँकी १४ प्रकारका निर्वाचन सामग्री केन्द्रबाट आपूर्ति गर्ने व्यवस्था गरिएको छ । वडामा परिचालित मतदाता शिक्षा स्वयमसेवीले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन् । प्रनिधिसभातर्फ १६ निर्वाचन क्षेत्र रहेको सदूरपश्चिम प्रदेशमा राजनीतिक दलका र स्वतन्त्र गरी २०६ जना चुनावी प्रतिस्पर्धामा छन् ।

# मोटरसाइकल दुर्घटनामा तीन जनाको मृत्यु




मिसन संवाददाता
*कैलाली, ९ फागुन*

धनगढी-डडेल्धुरा (भीमदत्त) राजमार्गअन्तर्गत कैलाली अत्तरियास्थित वनदेवी सडकखण्डमा शुक्रबार साँझ दुई मोटरसाइकल आपसमा ठोक्किएर घाइते भएका तीन जनाको मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय मालाखेती (अत्तरिया)ले मोटरसाइकल आपसमा ठोक्किएर भएको दुर्घटनामा घाइते भएका तीन जनालाई उपचारका लागि धनगढीतर्फ लैजाँदै गर्दा मृत्यु भएको जनाएको छ ।

प्रहरी नायब उपरीक्षक रणबहादुर चन्दले मृत्यु हुनेमा सुप प्र०१/०१०३१८७ नम्बरको मोटरसाइकल चालक धनगढी उपमहानगरपालिका-२ का २२ वर्षीय हरिश ओली रहेको बताए । सोही मोटरसाइकलको पछाडि बस्ने गोदावरी नगरपालिका-६ लालपुरका २३ वर्षीय जीवन पाठक गम्भीर घाइते भएका र उनको उपचार जारी रहेको छ ।

यस्तै, सुप प्र०१/०० ९प७७८१ नम्बरको मोटरसाइकलका चालक गोदावरी नगरपालिका-१ का अन्दाजी २६ वर्षीय योगेन्द्र शाह र पछाडि बस्ने अन्दाजी २३ वर्षीय हरिश पार्कीको मृत्यु भएको छ ।

प्रहरी नायब उपरीक्षक चन्दले भने, ‘प्रतिघन्टा १०० किलोमिटरभन्दा बढीको गतिमा मोटरसाइकल चलाइएको घटनास्थलको प्रकृतिले देखिएको छ, पाङ्ग्रासहितका पाटपुर्जा उछिट्टिएका छन् । योगेन्द्र शाह यसअघि पनि दुई पटक मोटरसाइकल दुर्घटनामा परी घाइते भएका थिए ।’

मृतक ओली गोदावरीमा विवाहमा सहभागी भएर धनगढीतर्फ फर्किंदै गरेको अवस्थामा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

**आफ्नो घर आँगन सफा राखौं ।
सभ्य नागरिकको परिचय दिऔं ।
सभ्य नागरिकले नै सभ्य
समाजको निर्माण गर्दछ ।**



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/१० गते**

यस कम्पनीको मिति २०८२/०९/२० को विशेष साधारण सभाको निर्णय बमोजिम साविकको जय गोल्मा कन्स्ट्रक्सन (दर्ता नं. ३६३२८३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीको नाम जय गोल्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्सले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/१०/०२ मा स्वीकृत भए बमोजिम कायम भएको व्यहोरा सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सिस्ने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८२/११/१०)

सिस्ने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०९/१६ गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहाय बमोजिमको निर्माण कार्य खरिदका लागि सिलबन्दी बोलपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्याद भित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु खोली मूल्यांकनका लागि बोलपत्र मूल्याकंन समितिमा पेश भएकोमा बोलपत्र मूल्यांकन समितिको मिति २०८२/११/०९ गतेको निर्णयानुसार तपशिल बमोजिमको बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राहि देखिई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनीक खरिद ऐन, २०६३ को दफा २७ को उप-दफा (२) बमोजिम सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| ठेक्का नं | कामको विवरण | ठेक्का छनौट भएको फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.क. र PS सहित) | कैफियत |
|---|---|---|---|---|
| EGP/NCB/SRM/W-08/082/83 | Chokbazar Pakhagaun Hundai Serakhet Dhal Nikas Yojana Sisne-5 Rukum East | श्री एच.वि. बिल्डर्स प्रा.लि., सिस्ने-६, रुकुम (पूर्वी भाग) | रू १,२२,४७,१५६.६६/- (अक्षरुपी एक करोड वाइस लाख सतचालिस हजार एक सय छपन्न रुपैयाँ पैसा छयसठ्ठि मात्र।) | ३७.६३ % घटि |

प्रमुख प्रशासकीय अधिकृत

## Jhimruk Rural municipality
## Office of the Rural Municipal Executive
Bhyagute, Pyuthan
Lumbini, Province, Nepal

### Invitation for Bids

**Date of Publication: 2082/11/10 (AD 22/02/2026)**

Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the Procurement of following Project under SQ Procedure, some of the information is mentained below, through the details are in the bidding documents. May obtained further information contact at office of the Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.N. | Contract No | Description of Work | Estimated Amount (Includng Ps & VAT) | Bid Security Amount | Bid Document Cost | Last date of bid Submission |
|---|---|---|---|---|---|---|
| 1. | JRM/SQ/WORKS/07/2082-83 | Bangemarot Swasthya Chauki Bhaban Nirman. | NRs. 16,24,022.52 | NRs.45,000.00 | NRs.1,000.00 | 2082/11/25 (AD 09/03/2026) |

**Chief Administrative Officer**

# नेपाल-भारत आर्थिक सहकार्यलाई सहज र परिणाममुखी बनाउनुपर्नेमा जोड

मिसन संवाददाता
*काठमाडौँ, ९ फागुन*




नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल-भारत आर्थिक सहकार्यलाई थप सहज एवं परिणाममुखी बनाउनुपर्नेमा जोड दिएका छन् । भारतको राजधानी नयाँ दिल्लीमा सुरु भएको 'दोस्रो इन्डो-नेपाल व्यापार महोत्सव २०२६'लाई सम्बोधन गर्दै उनले नेपाल-भारतबीच सहज भन्सार प्रक्रिया, मापदण्ड समन्वय, डिजिटल व्यापार प्रणाली सुदृढीकरण तथा साना-मझौला उद्योगलाई वित्तीय पहुँच र प्रविधि हस्तान्तरणमा सहजीकरण गर्नुपर्नेमा जोड दिए । अध्यक्ष ढकालले भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार र प्रमुख लगानीस्रोत रहेको उल्लेख गर्दै खुला सीमा, सांस्कृतिक निकटता र जनस्तरको सम्बन्धले दुई देशबीचको साझेदारीलाई विशिष्ट बनाएको धारणा राखेको महासंघद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

उनले विश्व अर्थतन्त्रमा अनिश्चितता र आपूर्ति शृंखलामा अवरोध उत्पन्न भइरहेको उल्लेख गर्दै यस्तो अवस्थामा छिमेकी राष्ट्रबीचको सुदृढ सहकार्य महत्वपूर्ण हुनेमा जोड दिए । भारतले हालै प्रस्तुत गरेको केन्द्रीय बजेटले पूर्वाधार, 'डिजिटल कनेक्टिभिटी', हरित ऊर्जा तथा साना-मझौला उद्योग प्रवर्द्धनमा दिएको प्राथमिकताले नेपालका लागिसमेत नयाँ अवसर सिर्जना गर्ने उनको धारणा थियो । अध्यक्ष ढकालले नेपाल जलविद्युत्मा समृद्ध रहेको र भारततर्फ विद्युत् निर्यात सुरु भइसकेको जानकारी दिँदै उपयुक्त प्रसारण लाइन र नीतिगत स्थायित्व भएमा नेपाल भारतको विश्वासिलो हरित ऊर्जा साझेदार बन्न सक्ने बताए ।

यस्तै, उनले पर्यटन क्षेत्रमा नेपालले प्राकृतिक सौन्दर्य, साहसिक तथा आध्यात्मिक गन्तव्यहरू प्रस्तुत गरेको उल्लेख गर्दै होटल, रिसोर्ट तथा केबलकार परियोजनाहरूमा लगानीको अवसर विस्तार भइरहेको जानकारी पनि गराए । अध्यक्ष ढकालले भने, 'नेपालमा ऊर्जा, पर्यटन औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सीमापार लजिस्टिक्स, कृषि प्रशोधन, औषधि उद्योग, शिक्षा र स्वास्थ्य सेवामा प्रशस्त सम्भावना रहेको छ । यस्ता क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्ताहरूलाई आग्रह गर्दछु ।' नेपालको निजी क्षेत्रले सधैँ राजनीतिक स्थायित्व र आर्थिक अनुशासनको पक्षमा आवाज उठाउँदै आएको उल्लेख गर्दै उहाँले दीर्घकालीन रूपमा लगानीकर्ताको विश्वास कायम गर्ने पक्षमा नेपालमा नीतिगत सुधारहरू भइरहेको पनि उल्लेख गरे ।

उनले इन्डो-नेपाल व्यापार महोत्सव केवल औपचारिक कार्यक्रम नभई सद्भावनालाई व्यावसायिक साझेदारीमा रूपान्तरण गर्ने मञ्च भएको उल्लेख गर्दै अध्यक्ष ढकालले हरित ऊर्जा, डिजिटल सेवा, पर्यटन र उत्पादन क्षेत्रमा ठोस सहकार्य अघि बढाउन भारतीय उद्योगी व्यवसायी एवं लगानीकर्ताहरूलाई आह्वान पनि गरेका छन् ।

# वैदेशिक व्यापारका सात महिना: नौ खर्ब पचास अर्ब घाटा

मिसन संवाददाता
*काठमाडौँ, ९ फागुन*




चालू आर्थिक वर्षको प्रथम सात महिनामा रु १२ खर्ब ९१ अर्ब ६३ करोड २० लाख बराबरको वैदेशिक व्यापार भएको छ । भन्सार विभागका अनुसार समीक्षा अवधिमा रु ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाखको आयात र रु एक खर्ब ६८ अर्ब १४ करोड ५८ लाख बराबरको निर्यात भएको छ ।

यो अवधिमा मुलुकले रु नौ खर्ब ५५ अर्ब ३४ करोड तीन लाख घाटा बेहोरेको छ । भारतसँग बितेका सात महिनामा रु छ खर्ब २९ अर्ब २९ करोड ५९ लाखको आयात र रु एक खर्ब ३७ अर्ब ५१ करोड ७४ लाखको निर्यात हुँदा मुलुकले रु चार खर्ब ९१ अर्ब ७७ करोड ५१ लाख बराबरको व्यापार घाटा बेहोरेको छ ।

चीनसँग रु दुई खर्ब ३५ अर्ब ३८ करोड २३ लाखको आयात र रु ९० करोड एक लाख बराबरको निर्यात हुँदा रु दुई खर्ब ३४ अर्ब ४८ करोड २२ लाख बराबरको घाटा भएको छ ।

विभागले सार्वजनिक गरेको विवरणअनुसार अर्जेन्टिनासँग रु ६६ अर्ब ११ करोड ६६ लाख, संयुक्त अरब इमिरेट्ससँग रु ३९ अर्ब ७७ करोड ९८ लाख, इन्डोनेसियासँग रु १२ अर्ब ६४ करोड ४५ लाख बराबरको व्यापार घाटा देखिन्छ । व्यापार नाफा बढी रहेका मुलुकमा भने रोमानियासँग यो अवधिमा रु पाँच करोड ५२ लाख, नर्वेसँग रु तीन करोड ३३ लाख र आइसल्याण्डसँग रु दुई करोड ५७ लाख बराबरको व्यापार नाफा देखिन्छ । पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । यो अवधिमा रु ६९ अर्ब ९१ करोड २२ लाखको डिजेल, रु ३८ अर्ब १३ करोड ८६ लाखको पेट्रोल र रु ३१ अर्ब ८५ करोड नौ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ ।

यसैगरी, रु ३१ अर्ब नौ करोड १२ लाख बराबरको फलाम तथा फलामजन्य वस्तु, रु २१ अर्ब ३२ करोड ६१ लाख बराबरको स्मार्टफोन, रु ५९ अर्ब १३ करोड ८२ लाख बराबरको कच्चा सोयाबिन तेल, रु २१ अर्ब २० करोड बराबरको सुन आयात भएको छ । बढी निर्यात भएका वस्तुमा सोयाबिन तेल रु ६६ अर्ब ७८ करोड ८७ लाख बराबरको निर्यात भएको छ ।

अलैँची रु आठ अर्ब ६१ करोड २० लाख, सूर्यमुखी तेल रु पाँच अर्ब ७८ करोड, कार्पेट रु पाँच ७१ करोड ८८ लाख ६९ हजार बराबरको निर्यात भएको विभागको तथ्यांक छ ।

# ७ महिनामा ३ लाख २५ हजार बढी पर्यटक मुस्ताङ भित्रिए

मिसन संवाददाता
*मुस्ताङ, ९ फागुन*



चालू आर्थिक वर्षको ७ महिनामा ३ लाख २५ हजार ५५८ जना पर्यटक मुस्ताङ भित्रिएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार साउनदेखि माघसम्म विदेशी ६९ हजार ८१४ र स्वदेशी दुई लाख ५२ हजार ६६४ पर्यटक यहाँ आएका हुन् ।

बेनी-जोमसोम सडकमार्ग हुँदै साउनमा १९ हजार ७८१, भदौमा २३ हजार २०५, असोजमा ७५ हजार ५९९, कात्तिकमा ८३ हजार ७६६, मङ्सिरमा ४९ हजार ५०, पुसमा ३९ हजार १५३ र माघमा ३२ हजार ४ जना विदेशी तथा स्वदेशी पर्यटक आएका थिए ।

गत वर्षको साउनदेखि माघसम्म तीन लाख ४० हजार ७२९ विदेशी तथा स्वदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए । प्रहरीको तथ्यांकअनुसार गत वर्षको ८ महिनाको तुलनामा चालू आवको सोही अवधिमा १८ हजार १७१ जना (५.३३ प्रतिशत) पर्यटक कम भित्रिएका छन् ।

जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर नवराज न्यौपानेले म्याग्दी र मुस्ताङको सिमाना घाँसामा सडकमार्ग हुँदै मुस्ताङ भित्रिने विदेशी तथा स्वदेशी पर्यटकको अभिलेख संकलन हुँदै आएको बताए । पोखरा-जोमसोम हवाई सेवामार्फत मुस्ताङ भित्रिएका र मनाङ हुँदै थोरङलापास गरी मुस्ताङ भित्रिएका पर्यटकको मातहतका प्रहरी एकाइहरूले अभिलेख संकलन गर्छन् । मुस्ताङमा आव २०८०-८१ मा चार लाख ५४ हजार ३२६ जना र आव २०८१-८२ मा सात लाख पाँच हजार ७७९ जना स्वदेशी तथा विदेशी पर्यटक भित्रिएको जिल्ला प्रहरी कार्यालयको तथ्यांकमा उल्लेख छ ।

पछिल्लो समय राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक बर्सेनि सहज हुँदै जान थालेपछि मुस्ताङमा पर्यटकको आगमनदर बढेको छ । मुस्ताङमा भित्रिएका सार्क राष्ट्रका पर्यटकमध्ये अधिकांश भारतीय पर्यटकले मुक्तिनाथको दर्शन गरी फर्किने गरेका छन् । अन्य राष्ट्रका विदेशी पर्यटक भने बेनी-जोमसोम सडकमार्ग र मनाङ हुँदै थोरङ्लपास क्रस गरी मुस्ताङ आउँछन् ।

मुस्ताङको कागबेनीधाममा पितृ उद्धारका लागि श्राद्ध गर्न तथा मुक्तिनाथ मन्दिरको दर्शन गर्न आउने स्वदेशी पर्यटकको संख्या पनि बढ्दो छ । मुस्ताङ भित्रिएका पर्यटकमध्ये तीन प्रतिशत विदेशीले माथिल्लो मुस्ताङको भ्रमण गर्ने गरेका छन् । पछिल्लो समय जोमसोम-कोरला सडक सहज भएपछि उल्लेख्य संख्यामा स्वदेशी पर्यटक कोरला नाकासम्म पुग्छन् ।

## बागमतीको बजेट कार्यान्वयन १८ प्रतिशत मात्रै

**हेटौँडा ।** बागमती प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८२-०८३ को सात महिना बित्दा साढे १७ प्रतिशत मात्रै वित्तीय प्रगति गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार कूल ६७ अर्ब ४७ करोड ७३ लाख विनियोजित बजेटमध्ये १७.७९ प्रतिशत मात्रै खर्च भएको छ ।

माघ मसान्तसम्मको कूल खर्च १२ अर्ब ३१ लाख ७५ हजार मात्र बजेट खर्च भएको मन्त्रालयले जनाएको छ ।

पूँजीगततर्फ विनियोजित ४१ अर्ब ४३ करोड ३५ लाख ३६ हजार रूपैयाँमध्ये ५ अर्ब २२ करोड ८५ लाख ५० हजार रूपैयाँ मात्रै खर्च भएको मन्त्रालयका अधिकृत इन्द्रराज सञ्ज्यालले जानकारी दिए । जुन १२.६२ प्रतिशत मात्रै हो । चालूतर्फको खर्च भने २६.१ प्रतिशत छ ।

## सिटिजन लाइफको एमडिआरटी २०२६ सम्मान तथा प्रशिक्षण कार्यक्रम सम्पन्न



**काठमाडौँ ।** सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीले एमडिआरटी २०२६ (मिलियन डलर राउन्ड टेबल) सम्मान तथा प्रशिक्षण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ । उक्त कार्यक्रम २०८२ साल फागुन ५ गतेदेखि ७ गतेसम्म होटल पोखरा ग्राण्ड, पोखरामा दुई रात तीन दिनसम्म आयोजना गरिएको थियो ।

कार्यक्रममा कूल ७० जना सिटिजन लिडरहरूलाई सम्मान गरिएको थियो । जसअन्तर्गत ६७ जना एमडिआरटी, २ जना सिओटी (कोर्ट अफ द टेबल) तथा १ जना टिओटी (टप अफ द टेबल) क्वालिफायर रहेका थिए । साथै सिनियर एजेन्सी म्यानेजर, उत्कृष्ट कार्यसम्पादनका आधारमा छनोट भएका शाखा प्रमुख तथा क्षेत्रीय प्रमुखहरूको समेत सहभागिता रहेको थियो ।

यस कार्यक्रमको उद्देश्य उत्कृष्ट कार्यसम्पादन गर्ने लिडरहरूलाई सम्मान गर्नुका साथै आगामी व्यवसायिक लक्ष्य तथा रणनीतिबारे छलफल र सशक्त प्रशिक्षण प्रदान गर्नु रहेको थियो । कार्यक्रम अन्तर्गत 'द सेक्रेट अफ प्रोग्रेसिभ लाइफ' विषयमा प्रख्यात सेल्स कोच तथा मोटिभेशनल स्पीकर डा. रबिन कटवालले विशेष प्रशिक्षण सत्र सञ्चालन गरे । जसले सहभागीहरूलाई व्यक्तिगत तथा व्यवसायिक विकासका लागि प्रेरित गरेको कम्पनीले जनाएको छ ।

कार्यक्रममा कम्पनीका प्रशिक्षण विभाग प्रमुख कुबेर पाठक, प्रमुख वित्तीय अधिकृत गोपाल पंगेनी, प्रमुख बजार व्यवस्थापन अधिकृत भुषण रिमाल तथा प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेलले आ-आफ्नो प्रस्तुति तथा मार्गदर्शन प्रदान गरे । साथै कम्पनीका ब्रान्ड एम्बेसडरहरू मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको विशेष उपस्थिति रहेको थियो । उनीहरूले सहभागीहरूलाई सम्बोधन गर्दै हास्य व्यंग्यमार्फत उत्साह थप्नुका साथै एमडिआरटी क्वालिफायरहरूलाई सम्मानसमेत गरे । समापन समारोहमा प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेलले कम्पनीको निरन्तर प्रगति र सफलताको प्रमुख आधार सिटिजन लिडरहरूको समर्पण, प्रतिबद्धता र उत्कृष्ट कार्यसम्पादन रहेको उल्लेख गर्दै सम्पूर्ण सहभागीहरूलाई धन्यवाद ज्ञापन गरे । उनले आगामी दिनहरूमा अझै उच्च उपलब्धि हासिल हुने विश्वास व्यक्त गरे ।

समग्रमा, एमडिआरटी २०२६ कार्यक्रम भव्य, प्रभावकारी तथा पूर्णरूपमा सफल भएको कम्पनीले जनाएको छ । यस्तो प्रकारका कार्यक्रमले लिडरहरूलाई थप उत्प्रेरणा प्रदान गर्नुका साथै व्यवसाय विस्तार र व्यक्तिगत क्षमताको अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास कम्पनीले लिएको छ ।


**नेशनल डेभलोपमेन्ट को-अपरेटिभ सोसाईटी लिमिटेड**

गाबहाल, प्यंग थां, १६, ललितपुर ०१-५४५५८५९, ०१-५४५५८६०, Email: ndcsl2025@gmai.com

**धितोमा रहेको चल अचल सम्पती लिलाम बिक्री सम्बन्धी गोप्य सिलबन्दी बोलपत्र आह्वानको ७ दिने सूचना**

**सार्बजनिक सूचना प्रकाशित मिति: २०८२/११/१० गतेको मिशन टुडे राष्ट्रिय दैनिक**

यस संस्थाबाट तपसिलमा उल्लिखित ऋणीले लिएको कर्जाको साँवा, ब्याज तथा हर्जाना तिर्न बुझाउन र चुक्ता गर्न पटक पटक फोन सम्पर्क तथा लिखित एवं सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत बेवास्ता गरी कर्जा चुक्ता नगर्नु भएको हुँदा ऋण/कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल अचल सम्पत्ती, जहाँ जे अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४, बागमती प्रदेश सहकारी ऐन २०७६, सहकारी नियमावली २०७५ तथा सहकारीको नियमानुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलामी बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्नु पर्ने भएकोले यो गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ती लिलामी वढावढबाट सकार गरी लिन इच्छुक ब्यक्ती वा संघसंस्थाले सहकारीको कार्यालयमा सम्पर्क गरी बोलपत्र रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिबाट ७ (सात) दिनभित्र सहकारी संस्थाको कार्यालयमा बुझाउन सक्नु हुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ । यी शर्तहरू यसै सूचनाको अभिन्न अङ्गको रूपमा लागु हुनेछ । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र बोलपत्र खोलिने छ । उल्लिखित समयावधीभित्रमा कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण महानुभावहरूलाई अनुरोध गरिन्छ । अन्यथा उल्लिखित धितो सम्पत्ती लिलामी बिक्री गरी वा आफै सकार गर्दा समेत साबिकमा उचित मूल्यांकनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा सहकारी आफै सकार गरी लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ती लिलामी बिक्री गर्दा वा पुनःमुल्यांकन गरी सहकारी आफैले सकार गर्दा समेत सहकारीको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित ऐन कानुन तथा सहकारी नियमानुसार असुल उपर हुन बाँकी रकम बक्यौता कर्जा रकम असुल उपरको लागी आवश्यक कानूनी प्रकृया अघि बढाई ऋणी तथा जमानीकर्ताको सगोलको सदस्यबाट समेत अन्य चल अचल जायजेथा श्रीसम्पत्तीबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथासिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ती फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**तपशिलः**

| क्र. सं. | ऋणी र धितोवालाको विवरण | ऋणीको फोटो | धितोको विवरण |
|---|---|---|---|
| १ | **नाम : शान्तेश मान सिँह प्रधान**<br>सदस्य नं :<br>ठेगाना : काठमाण्डौँ–२०<br>बाबुको नाम : नेपालमान सिँह प्रधान<br>बाजेको नाम : अनँग मान सिँह प्रधान<br>ना.प्र.प.नं : ९१७१<br>ना.प्र. जारी मिति : ०५५/१२/१८<br>जारी स्थान : काठमाण्डौँ |  | शान्तेश मान सिँह प्रधानको नाममा रहेको काठमाण्डौँ मालपोत कार्यालयमा दर्ता कायम भएको काठमाण्डौँ जिल्ला, दहचोक हाल चन्दागिरी नगरपालिका वडा नं. २ग स्थित कित्ता नं. १९० को क्षेत्रफल ५-८-०-० वर्ग मिटर को घरजग्गा र सो घर जग्गा चर्चेको सम्पूर्ण लिगपाता समेत । |

**लिलाम बिक्रिका शर्तहरुः**

१. लिलाममा अन्तिम पटक सवै भन्दा बढी कवोल गर्ने व्यक्तिले आफूले बोलेको कुल रकमको १०% ले हुने नगद र कम धरौटी बापत तुरून्तै (फाराम भरेकै बखतमा) यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृत पत्र पाएको मितिले ७ दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ । नबुझाएमा धरौटी रकम जफत गरिनेछ । त्यसपछि दोस्रो बढी रकम कवोल गर्नेलाई मौका दिईनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पती लिलाम बिक्रिमा सकार गरी लिनेले अचल सम्पती दाखिला/खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको नगद रकम सवै आफैले व्यहोर्नु पर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खोलेको दिनमा तोकिएको समयमा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सवै भन्दा बढी रकम उल्लेख गर्ने व्यक्तिलाई धितोको सुरक्षणको अचल सम्पती दिइने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. जग्गा हेर्न चाहेमा आफ्नो खर्चमा सम्बन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. जग्गाधनी वा निजको प्रतिनिधि लिलाम बिक्रि हुने समयमा उपस्थित हुनुपर्नेछ । तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम बिक्रि गर्न वाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम बिक्रि हुँदा रकम बढाबढमा कसैले भाग नलिएमा संस्था आफैले धितो जग्गा सकार गरी लिनेछ ।
९. धितो लिलाम रकम बढाबढ फाराम यस कार्यालयको प्रधान कार्यालय, गाबहालबाट सूचना प्रकाशन भएको मितिले ७ औं दिनभित्र कार्यालय समयमा खरिद गरी सोही दिन कार्यालय समयभित्र बुझाउनु पर्नेछ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति : २०८२/११/१६ शनिबार ।**
**बोलपत्र खोलिने मिति : २०८२/११/१७ गते आइतबार । समयः दिनको २:०० बजे ।**
**स्थानः संस्थाको कार्यालय, गाबहाल, प्यंग थां, १६, ललितपुर ।**



Mob:9829602188
लाइफलाइन जनरल हस्पिटल
डा. पारस श्रेष्ठ
एम.बी.बी.एस.एम.डी
कन्सल्टेन्ट फिजिसियन, मृगौला रोग विशेषज्ञ
अब डायलिसिस सेवा पनि
डा. क्रिस्टीन श्रेष्ठ
एम.बी.बी.एस.एम.डी.एफ.पी.सी.पी. कन्सल्टेन्ट फिजिसियन
विभागीय प्रमुख सुशील कोइराला प्रखर क्यान्सर अस्पताल

गणपति डेण्टल क्लिनिक
Mob:9742818406, 9808549451
डा. प्रतिक श्रेष्ठ
बि.डि.एस.(दिल्ली) मिति रेडियोलोजी लेजर एण्ड इम्प्लान्ट (अमेरिका)
डेण्टल सर्जन एण्ड इम्प्लाटोलोजिस्ट, गणपति डेण्टल क्लिनिक
Dental-Maxillofacial-Trauma, Fixed Orthodontic & Implant Center

नेपालगञ्ज उप-महानगरपालिका-१३ सदरलाईन, सरस्वती स्कूल सामुन्ने, बाँके, फोन नं. : ०८१-५३३०७८

# आयोजक सहारालाई आहा–रारा पोखरा गोल्डकपको उपाधि

मिसन संवाददाता
*पोखरा, ९ फागुन*

आयोजक सहारा क्लब पोखराले २५औँ आहारारा पोखरा गोल्डकप फुटबलको उपाधि जितेको छ।

पोखरा रंगशालामा शनिबार भएको फाइनलमा जावलाखेल युथ क्लबलाई २-० ले पराजित गर्दै आयोजक सहाराले १२ वर्षपछि उपाधि जितेको हो।

सहाराको जितमा मुकुन्द निउरे र ताय दिनियलले एक-एक गोल गरे। २५औँ मिनेटमा निउरेले गोल गर्दै अग्रता दिलाएका थिए भने ७३औँ मिनेटमा दिनियलले गोल गर्दै अग्रता दोब्बर पारे। सहाराले पछिल्लोपटक विसं २०७० सालमा उपाधि जितेको थियो। १२ वर्षपछि फाइनल पुग्दा सहाराले उपाधि जित्न सफल भयो।




उपाधि विजेता सहाराले १४ लाख रूपैयाँ पुरस्कार प्राप्त गरेको छ। उपविजेता जावलाखेलले ७ लाख १ हजार रूपैयाँमा चित्त बुझायो। माघ २७ गतेबाट सुरु भएको गोल्डकपमा १२ टोलीले सहभागिता जनाएका थिए। प्रतियोगिता सुरु भएको २५औँ वर्ष भएकाले यस संस्करणलाई सिल्भर जुब्लीसमेत भनिएको थियो। सो अवसरमा फ्लडलाइटमा खेल खेलाउने तय भए पनि पहिलो खेलपछि प्राविधिक कारणले खेल दिउँसोलाई नै सारिएको थियो।

# अखिल नेपाल फुटबल संघको निर्वाचन कार्यक्रम फेरि स्थगित

मिसन संवाददाता
*काठमाडौँ, ९ फागुन*




अखिल नेपाल फुटबल संघ (एन्फा)को निर्वाचन कार्यक्रम फेरि स्थगित भएको छ।

यसअघि माघ २८ का लागि तोकिएको निर्वाचन उच्च अदालत पाटनको अन्तरिम आदेशका कारण स्थगित भएको थियो।

अदालतले उच्च आदेशलाई निरन्तरता नदिएपछि सुरु भएको एन्फाले फागुन २७ का लागि अर्को निर्वाचनको मिति तोक्दै कार्यक्रम अघि बढाएको थियो।

तर फेरि निर्वाचन आयोगकले निर्वाचन आचारसंहिता लागू भएकाले एन्फा संशोधित निर्वाचनका कार्यक्रम स्थगन गर्नु भनी पत्र प्राप्त भएकाले अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको निर्वाचन समितिका सदस्य सचिव लोकेन्द्र ओलीले जानकारी दिए।

एन्फा प्रवक्ता सुरेश शाहले पनि एन्फाको निर्वाचन समिति स्वतन्त्र रहेको बताए।

साथै उनले निर्वाचन समितिले संवैधानिक निकायको निर्देशनअनुसार काम गरेको बताए। साथै उनले निर्वाचन समितिले अर्को निर्वाचन कार्यक्रम प्रकाशन गरेपछि निर्वाचन अघि बढ्ने बताए।

# नेशनल बास्केटबल लिग फागुन २६ गतेदेखि हुने

मिसन संवाददाता
*काठमाडौँ, ९ फागुन*

नेपाल बास्केटबल संघ (नेबा)को आयोजनामा हिमालयन जाभा नेशनल बास्केटबल लिग यही फागुन २६ गतेदेखि सुरु हुने भएको छ। नेबाले पत्रकार सम्मेलनमा दोस्रो संस्करणको उक्त प्रतियोगिता यही फागुन २६ देखि आगामी चैत २८ गतेसम्म त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा आयोजना हुने जानकारी दिइएको हो।

बत्तीस दिनसम्म सञ्चालन हुने प्रतियोगितामा आठ टिमले प्रतिस्पर्धा गर्नेछन्। जसमा पहिलो संस्करणमा च्याम्पियन बनेको टाइम्स इन्टरनेसनल कलेजसँगै उपविजेता गोल्डेनगेट इन्टरनेसनल कलेज, तेस्रो भएको हाउण्ड्स र चौथो भएको कीर्तिपुरसहित त्रिभुवन आर्मी क्लब, सोलो बास्केटबल, रोएल र प्लेबक्स एरेनाले प्रतिस्पर्धा गर्नेछन्। आर्मी, सोलो, रोएल र प्लेबक्स गत पुसमा भएको लिनिङ बास्केटबल प्रतियोगिताको शीर्ष चारमा रहेर दोस्रो संस्करणको नेशनल बास्केटबल लिगको लागि छनोट भएका हुन्। डबल राउन्ड रोबिन प्रणालीमा खेलाइने




प्रतियोगितामा लिग चरणमा कूल ५६ खेल हुनेछन्।

लिगमा शीर्ष चारमा रहने टोलीहरू प्लेअफमा प्रवेश गर्नेछन्। त्यसपछि सेमिफाइनल र फाइनल खेल हुने नेबाका अध्यक्ष भीमसिंह गुरुङले जानकारी दिए। नेपाली बास्केटबलको व्यावसायिक संरचना विकास गर्नु र खेलाडीलाई थप अवसर र प्रतिस्पर्धात्मक वातावरण प्रदान गर्ने लक्ष्यका साथ यो लिग आयोजना गर्न लागिएको उनले बताए। प्रतियोगिताका विजेताले रु. चार लाख प्राप्त गर्नेछन् भने उपविजेताले रु. दुई लाख र तेस्रो हुनेले रु एक लाख हात पार्नेछन्। त्यस्तै प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै 'मस्ट भ्यालुएबल प्लेअर' (एमभिपी) घोषित हुनेलाई आकर्षक पुरस्कार राखिएको नेबाका अध्यक्ष गुरुङले जानकारी दिए।

# कोहलपुर भलिबल प्रतियोगिता जारी

मिसन संवाददाता
*कोहलपुर, ९ फागुन*

'प्रथम कोहलपुर बाँके जिल्लास्तरीय खुला पुरुष भलिबल प्रतियोगिता २०८२' को तेस्रो दिन शनिबार ६ वटा खेल सम्पन्न भएका छन्। कोहलपुर न्यूरोडस्थित खुला मैदानमा जारी प्रतियोगितामा सहभागी ६ वटा टिमले प्रतिस्पर्धा गरेका हुन्।

प्रतियोगिताको तेस्रो दिनको पहिलो खेल रोयल ढकेरी र खजुरा युनाइटेडबीच प्रतिस्पर्धा भएको थियो। रोयल ढकेरीले खजुरा युनाइटेलाई २-१ सेटले हराएको छ। पहिलो सेट २५-१४, १२-२५ र १६-१४ ले रोयल ढकेरीले खजुरालाई हराएको हो।

प्रतियोगिताको तेस्रो दिनको दोस्रो खेल भने बागेश्वरी बहुमुखी क्याम्पस र ब्राइटलाइट



एकेडेमीबीच भएको थियो। ब्राइटलाइटले एक सेट गुमाउँदै बागेश्वरीलाई हराएको छ। पहिलो सेट २७-२९, २५-२२ र १६-५ ले ब्राइटलाइट विजयी भएको हो।

तेस्रो दिनको तेस्रो खेलमा ट्री गार्डेन बैजनाथ र कोहलपुर नगरपालिका कर्मचारीबीच प्रतिस्पर्धा भएको थियो। कोहलपुर नगरपालिका कर्मचारी टिमले ट्री गार्डेन बैजनाथलाई सोझो दुई सेटले हराएको हो। पहिलो सेट २५-२२ र २५-२१ ले हराएको थियो।

चौथो खेल भने ग्रिन पिस र जन ज्ञान ज्योतिबीच प्रतिस्पर्धा भएको थियो। जन ज्ञान ज्योतिलाई ग्रिन पिसले सोझो २-० सेटले हराएको हो। पहिलो सेट २५-२३ र २५-१६ ले हराएको थियो।

पाँचौँ खेल भने बैजनाथ गाउँपालिका र भेरी प्राविधिक शिक्षालयबीच प्रतिस्पर्धा भएको थियो। भेरी प्राविधिकलाई २-१ को सेटले बैजनाथ गाउँपालिकाले हराएको हो। बैजनाथले पहिलो सेट २५-१६, २०-२५ र १६-१४ ले हराउँदै विजयी हासिल गरेको थियो।

तेस्रो दिनको अन्तिम र छैटौँ खेलमा भने नमुना विद्या सदन र खजुरा युनाइटेडबीच प्रतिस्पर्धा भएको थियो।

खजुरालाई २-१ को सेटमा हराउँदै नमुना विद्या सदन विजयी भएको हो। खजुरालाई पहिलो सेट २३-२५, २५-८ र १७-१५ ले हराउँदै नमुना विद्या सदनले खेलको सुखद अन्त्य गरेको थियो।

# सशस्त्र प्रहरी क्लबले जित्यो एन्फा वुमेन्स च्याम्पियनसिपको उपाधि

मिसन संवाददाता
*उदयपुर, ९ फागुन*

एन्फा वुमेन्स च्याम्पियनसिपको उपाधि शनिबार सशस्त्र प्रहरी क्लबले जितेको छ। २-१ गोलअन्तरले त्रिभुवन आर्मी क्लबलाई पराजित गरेसँगै सशस्त्रले उपाधि चुमेको हो। यो जितसँगै सशस्त्रले ७ लाख ५० हजार रूपैयाँ पुरस्कार जितेको छ। उपविजेतामा चित्त बुझाउनु परेको आर्मीले ५ लाख रूपैयाँ पुरस्कार प्राप्त गरेको छ। उदयपुरको गाईघाटस्थित थरुहट रंगशालामा भएको खेलको पहिलो हाफमा कतैबाट गोल हुन सकेन्।

दोस्रो हाफको १० मिनेटमै जर्सी नम्बर १२ की गीता राणाले पहिलो गोल गरिन्। दोस्रो हाफको २३ औं मिनेटमा जर्सी नम्बर ७ की रेणुका नगरकोटीले गोल गर्दै २ गोलको अग्रता बनाइन्।

सेकेन्ड हाफको २६औँ मिनेटमा आर्मीकी जर्सी नम्बर ८ की जेनिफर राणाले गोल गरिन्। टिमको तर्फबाट यो मात्र एक गोल रह्यो।

तीन विधाका उत्कृष्ट खेलाडीहरूले प्रतिखेलाडी ५० हजार रूपैयाँ दरले पुरस्कारसमेत पाउनेछन्। खेल हेर्न मैदानमा दर्शकको खचाखच भिड लागेको थियो। प्रतियोगिता अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजना तथा जिल्ला फुटबल संघ उदयपुरको सहआयोजनामा



भएको हो। प्रतियोगिता फागुन १ गतेदेखि सञ्चालन भएको थियो। प्रतियोगितामा नेपालका १० शीर्ष महिला फुटबल टिमहरूको सहभागिता रहेको थियो। एन्फा महासचिव किरण राईका अनुसार नेपालमै यो यो किसिमको खेल प्रतिस्पर्धा पहिलो हो।

# भारत–पाकिस्तान म्याचले डिजिटल दर्शक संख्याको रेकर्ड तोड्यो



मिसन संवाददाता
*काठमाडौँ, ९ फागुन*

भारत-पाकिस्तानबीचको हाई-भोल्टेज प्रतिस्पर्धाले दर्शकसंख्याका सबै पुराना कीर्तिमान तोडेको छ। डिजिटल माध्यममा यो खेल १६.३ करोड प्रयोगकर्ताले हेरेका छन्। यो टी-२० ढाँचामा कुनै पनि अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) प्रतियोगिताको एकै खेलका लागि सबैभन्दा बढी पहुँच हो।

यो खेल १५ फेब्रुअरीमा कोलम्बोस्थित आर. प्रेमदासा स्टेडियममा खेलिएको थियो। यस खेललाई कूल २० अर्ब मिनेट हेरिएको छ। यसले डिजिटल माध्यममा सन् २०२४ को टी-२० विश्वकप फाइनल खेललाई समेत पछि पारेको छ। उक्त फाइनल खेल भारत र दक्षिण अफ्रिकाबीच भएको थियो। मोबाइलमा यो खेल लिग चरणकै सबैभन्दा बढी हेरिएको प्रतिस्पर्धा बनेको छ।

सबै माध्यम जोड्दा कूल २० अर्ब मिनेट हेर्ने समय अभिलेख भएको छ, जुन अघिल्लो संस्करणको तुलनामा ४२ प्रतिशत बढी हो। सन् २०२४ को भारत-पाकिस्तान खेलको तुलनामा पनि डिजिटल पहुँचमा ५६ प्रतिशत वृद्धि भएको छ। भारतले उक्त जितसँगै टी-२० विश्वकपमा पाकिस्तानविरुद्ध आफ्नो जितको अनुपात ८-१ पुर्‍याएको छ। भारत र पाकिस्तान दुबै टोलि सुपर-८ मा प्रवेश गरिसकेका छन्।


## Infrastructure Development Directorate

Birendranagar, Surkhet

**Invitation for Bids (IFB No: 07-082/083)**

**Date of First Publication: 2082/08/10 (22th Feb, 2026)**

1. Infrastructure Development Directorate (IDD), Surkhet invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| SN | Contract ID, Description of works | Estimated Amount with VAT & PS (NRs) | Bid Security Amount (NRs.) | Bid validity & Bid security validity period | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1. | IDD/SKT/W/NCB/70/082-083, Upgrading of Pradesh Rajdhani Birendranagar Planning Area Urban Road, Surkhet. | Minimum AACT NRs.39.00 million | 7,15,000/- | 90 & 120 days respectively from bid opening date | 5000 |
| 2. | IDD/SKT/W/NCB/71/082-083, Fabrication, Supply, Transportation, Construction and Erection of Babai Hattikhal Batulle Suspension (N-Type) Trail Bridge, Bheriganga-05, Surkhet. | Minimum AACT NRs. 27.90 million | 7,80,000/- | | |

2. For more detail visit the office website www.idd.karnali.gov.npand PPMO's website www.bolpatra.gov.np/egp.

## प्रजातन्त्रको सम्मान गरौँ।

- राज्यशक्तिका स्रोत जनता हुन्।
- निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो।
- नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्।
- प्रजातन्त्रमा मौलिक हक र मानव अधिकारको संरक्षण हुन्छ।
- कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
- शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौँ।
- सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौँ।
- सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौँ।

***प्रजातान्त्रिक संस्कृतिको सम्वर्द्धन गरौँ।***

नेपाल सरकार
**विज्ञापन बोर्ड**


**मिसन टुडे राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादक:** बिनोद पौडेल। **कार्यकारी सम्पादक:** कृष्ण ओली। **कार्यालय:** कोहलपुर बाँके। नयाँ बानेश्वर, (मिलन चोक) काठमाडौँ। **फोन:** ९८५१३१९६६९, ९८५८०२३०६९
**इमेल:** missiontodaydaily@gmail.com। **विज्ञापनका लागि इमेल:** adv.marketingmission@gmail.com। **मुद्रण:** मिसन अफसेट प्रेस, कोहलपुर (बाँके)। नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. भक्तपुर।